महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०८०/८१

## छायानाथ रारा नगरपालिका, मुगु

## ८०६६३४०१३००

## छायाँनाथ रारा नगरपालिका , मुगु

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कर्णाली प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:२०८१/८२ मिति : २०८१-६-२९

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
छायानाथ रारा नगरपालिका, मुगु ,
छायाँनाथ रारा नगरपालिका , मुगु

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८०।८१ को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८१।६।१५ मा छलफल पश्चात् तयार गरिएको पाना ४६ (छयालिस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।
कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७(१) बमोजिम ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी लेखाउत्तदायी अधिकृत /कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

कल्पना घिमिरे
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, info@mofaga.gov.np
श्री कोष तथा लेखानियन्त्रक कार्यालय मुगु, mugu.dtco@fcgo.gov.np


https://nams.oag.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १४ वडा रहेको छ भने क्षेत्रफल ४६०.६७वर्ग किलोमिटर तथा २५६९२जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।५।११ देखि २०८१ ।६।१५ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजनतर्फ रु. ०, राजस्वतर्फ रु. ०, धरौटीतर्फ रु. ०, अन्य कारोबारतर्फ रु. ०, आय – व्ययतर्फ रु. २९५८६२२४.९६, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. २९५८६२२४.९६ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.१६१४८३। असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| 1 | अग्रिम कर र बढी भुक्तानी | 161483 |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छन्।

| प्राप्तीभुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| विवरण | टिप्पणी | यस वर्ष रु. | | | |
| | | बजेट | आफैलेगरेको प्राप्ति/ भुक्तानी | वस्तुगत/ सोझैभुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | ६९,२५,४८,१७३.९८ | ५३,५०,०९,३४१.०२ | | ५३,५०,०९,३४१.०२ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | ६८,०६,१२,६०७.०० | ५२,०२,४८,६६६.१६ | ० | ५२,०२,४८,६६६.१६ |
| ११००० कर | ११ | ११,९०,०९,१७१.०० | १०,१५,८२,३२०.८६ | ० | १०,१५,८२,३२०.८६ |
| १३००० अनुदान | | ५०,१५,६८,०००.०० | ४१,४४,०५,५२४.३० | ० | ४१,४४,०५,५२४.३० |
| संघीय सरकार | १२ | ४२,१२,७५,०००.०० | ३५,४७,०१,७३१.०० | ० | ३५,४७,०१,७३१.०० |
| प्रदेश सरकार | १२ | ८,०२,९३,०००.०० | ५,९७,०३,७९३.३० | ० | ५,९७,०३,७९३.३० |
| १४००० अन्य राजस्व | | ७४,९०,०००.०० | ३८,७४,४०१.२७ | ० | ३८,७४,४०१.२७ |
| ३२००० वित्तीय सम्पत्ति | | ५,२५,४५,४३६.०० | ० | ० | ० |
| ख. अन्य प्राप्ति | | १,१९,३५,५६६.९८ | १,४७,६०,६७४.८६ | | १,४७,६०,६७४.८६ |
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० |
| कोषहरु | | १,१९,३५,५६६.९८ | ९२,५५,२८६.४८ | ० | ९२,५५,२८६.४८ |
| धरौटी | | ० | ५५,०५,३८८.३८ | ० | ५५,०५,३८८.३८ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ६९,२५,४८,१७३.९८ | ५७,१३,५७,५०३.८३ | | ५७,१३,५७,५०३.८३ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ६८,०६,१२,६०७.०० | ५५,६९,८३,२७१.३३ | | ५५,६९,८३,२७१.३३ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | २३,७०,०८,९२३.०० | २१,९६,७५,४४३.७८ | ० | २१,९६,७५,४४३.७८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १३,९३,६२,४५८.०० | १२,२०,५८,९८३.७५ | ० | १२,२०,५८,९८३.७५ |
| २५००० सहायता (Subsidy) | १८ | २,३२,०००.०० | २,३२,०००.०० | ० | २,३२,०००.०० |
| २६००० अनुदान | १८ | ४,८२,७९,०००.०० | ३,७८,२८,६६८.०० | ० | ३,७८,२८,६६८.०० |
| २७००० सामाजिक सुरक्षा | १८ | ५८,५१,०००.०० | ५७,८७,०६०.०० | ० | ५७,८७,०६०.०० |
| २८००० अन्य खर्च | १८ | १५,५०,०००.०० | १३,४१,८००.०० | ० | १३,४१,८००.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २४,८३,२९,२२६.०० | १७,००,५९,३१५.८० | ० | १७,००,५९,३१५.८० |
| घ. अन्य भूक्तानी | | १,१९,३५,५६६.९८ | १,४३,७४,२३२.५० | | १,४३,७४,२३२.५० |
| कोषहरु | | १,१९,३५,५६६.९८ | ५८,५३,९३०.५० | ० | ५८,५३,९३०.५० |
| धरौटी | | ० | ८५,२०,३०२.०० | ० | ८५,२०,३०२.०० |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ङ. यो वर्षको बचत (न्युन) | | | (३,६३,४८,१६२.८१) | | (३,६३,४८,१६२.८१) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | ६,६४,५८,६६३.७७ | | ६,६४,५८,६६३.७७ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | | ३,०१,१०,५००.९६ | | ३,०१,१०,५००.९६ |

सैद्धान्तिक बेरुजु

३ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.६,८०,३२,५६०।० मौज्दात रहेकोमा यो वर्ष रु.६,६८,४५,०८६.३ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.११,८७,४७३.७ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु

| प्रमाण पेश नगरेको | ११,८७,४७३ |
|---|---|

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,४२,०९,२०१।० स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम रु.१,२९,८२,०८४।-र अन्य रु.१०,४२,७५६।० समेत गरी रु.१०,८२,३४,०४१।० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.१,८१,०२,२०५।० , यस वर्षको प्राप्ति रु.१८,६१,९०,०१८।०, यस वर्षको भुक्तानी रु.१५,९८,३४,१७४।० र बैङ्क मौज्दात रु.८१,६५,०३२।० फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) | **६६६४७६४१.५०** | **५०८७५८८९९.४७** | **५५६९८३२७१.३३** | **१८४८२८७६** |
| एकीकृत आर्थिक विवरणअनुसार | 66845083.5 | ६९४९४८९१७.६९ | ७१६८१७४४५.२१ | 26676908.47 |
| फरक | 197442 | -१८६१९००१८ | -१५९८३४१७४ | -8194032.47 |

सैद्धान्तिक बेरुजु

६ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छन्।

| खाता | स्रेस्ताअनुसारमौज्दात रु. | बैङ्कस्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|
| चालु खर्च खाता | ४३४५३२३ | ५५६९०५७.८९ | -१२२३७३५ |
| पुँजीगत खर्च खाता | ५५८६४७१.५ | १३७३३१११.६९ | -८१४६६४० |
| ग१.१, आन्तरिक राजस्व खाता | (१११०३३४८.९६) | ० | -१११०३३४९ |
| जम्मा | | | -20473724 |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

७ **खर्च बिश्लेषण**

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.१,११,०३,३५०.९६ राजस्व बाँडफाँड र अनुदानबाट रु.५०,८७,५८,८९७.४७ समेत रु.५१,९८,६२,२४८.४३ आम्दानी भएकोमा चालु तर्फ रु.३८,६९,२३,९५५.५३ र पूँजिगत तर्फ रु.१७,००,५९,३१५.८० समेत रु.५५,६९,८३,२७१.३३ खर्च भएको छ। खर्चमध्ये आन्तरिक आयको हिस्सा १.९९ प्रतिशत रहेको छ। यसवर्ष पदाधिकारी सुबिधामा रु.६४८३२३३ खर्च भएको छ जुन आन्तरिक आयको ५८.३८ प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७६.०५ प्रतिशत चालु र २३.९५ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ। यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

९ **आन्तरिक नियन्त्रण प्रणाली**

आन्तरिक नियन्त्रण प्रणाली स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने तयार गरी लागू गरेको अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्।

 स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रको संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन। पालिकाले योजनागत खाता राखेको पाईएन। विविषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई रहँदा पुँजीगत निर्माणमुखी रहेको पाइएन। कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन।

 कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बिल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन।

 अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले बजेट कार्यान्यनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपने व्यबस्थाको पालना गरेको पाइएन।

 ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता (म ले प फा नं ५०७) राखेको भएता पनि कन्टिन्जेन्सी खाता राखेको पाईएन।

 संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।

 सञ्चालित योजनाको सूचना पाटीमा आय व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्ने एवं रोयल्टी भुक्तानीका सबै प्रमाण सहित विल भर्पाई पेश गर्नुपर्नेमा अधिकांश पालना भएको पाईएन।

 प्रचलित कानुन अनुसार लेखा समित गठन गरेता पनि म ले प प्रतिवेदनहरु सम्बन्धमा छलफल गरेको अभिलेख रहेको पाइएन।

 सबै कर्मचारीलाई निजहरुले गर्नुपर्ने कामको कार्य विवरण बनाई लागु गरेको पाईएन।

 सुचना अधिकारीको काम कर्तव्य र जिम्मेवारी सम्बन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग सो अनुरुप सूचना प्रवाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख पाइएन।

 वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची निर्माण, १०० मिटर सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा गर्नपर्ने र नगरेमा दफा ३५ वमोजिम रु.५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा पालना गराएको सम्वन्धी अभिलेख राखेको पाइएन।

 पालिकाले हालसम्म संगठन तथा व्यवस्थापन सर्वेक्षण गरेको पाइएन।

 विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित मितिमा पेस गरेको पाइएन।

 सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि तोकिएका व्यहोरा खुलाई कार्य सम्पन्न प्रतिवेदन तयार गरी अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन।

 स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिमार्फत कार्य गराएकोमा अधिकाँश कामको निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन।

 स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाइएन ।

 राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैंकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन। स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि सबै वडाबाट पनि सो अनुसार गर्ने गरी पुर्णरुपमा कार्यान्वयनमा आएको पाइएन।

 स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन।

 स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाव्य आयोजनाको बैंक खडा गरेको पाइएन।

 दिगो बिकास लक्ष्य (सन् २०१५-३०) लाई कार्यान्वियन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भए गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको तथा अनुगमन मुल्यांकनको कार्य भएको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९(क) मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा कार्यालयले लाभग्राहीहरुको विवरण सभामा पेश गरेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि कार्यालयले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण

राखेको पाइएन।

 सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना भएको पाइएन।

 यस पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गरी नियमानुसार पेश्की फस्यौट तथा बेरुजु सम्परीक्षण गरी बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख अध्यावधिक गरी राखु पर्नेमा राखेको पाइएन।

तसर्थ आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य संचालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

सैद्धान्तिक बेरुजु

११ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **क्र.स** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २९२५०००० | २६४४७७९६.८१ | ४.७५ |
| २ | पूर्वाधार विकास | १३३७१९३५८ | ९३२०३३३३.९९ | १६.७३ |
| ३ | सामाजिक विकास | ३६२८८०१३२ | २९८८८००२५. | ५३.६६ |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ७२२७००० | ६४२६५२९ | १.१५ |
| ५ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १४७५३६१७७ | १३२०२५५८६.५३ | २३.७ |
| **जम्मा** | | **६८०६१२६६७** | **५५६९८३२७१.३३** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५३.६६ प्रतिशत र संस्थागत विकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी १.१५ प्रतिशत रहेको छ । पूर्वाधार विकासमा समग्र खर्चको १६.७३ प्रतिशत मात्र खर्च भएकोले यसमा खर्च बढाउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१२ **सेवाप्रवाहको स्थितिः**

यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ।

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १ | पञ्जिकरणतर्फ | |
| २ | जन्मदर्ता | 577 |
| ३ | मृत्युदर्ता | 206 |
| ४ | बसाईसराई दर्ता | 205 |
| ५ | विवाह दर्ता | 246 |
| ७ | सम्बन्धविच्छेद दर्ता | 13 |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन।

सैद्धान्तिक बेरुजु

१३ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,७०,००,०००।० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.१,११,०३,३४८.९६ अर्थात अनुमान भन्दा २०.६९ प्रतिशत कम आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

१४ **बजेट सीमा निर्धारण समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ। उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने स्थानिय तह सरकार संचालन ऐनमा चैत्र १५ भित्र पठाइ सक्नु पर्ने उल्लेख भएको तर स्थानियतहकव बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ ५.२.२(६) मा प्रत्येक वर्षको वैशाख १५ गते भित्रमा पठाउनु पर्ने उल्लेख बमोजिम पालिकाले पठाएको पाइयो। यसरी दिग्दर्श बनाउँदा समेत ऐन सँग बाझेको पाइयो।

सैद्धान्तिक बेरुजु

१५ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

रु.हजारमा

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | १७०३८७ | ६३४८ | १३६६९ | २६७६३ | १२३६०७ | ९५७४५ |
| प्रतिशत | | 3.73 | 8.02 | 15.71 | 72.54 | ५६.१९ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.१७ करोड ३ लाख ८७ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.६३ लाख ८४ हजार (३.७३प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१करोड ३६ लाख ६९ हजार (८.०२ प्रतिशत) र तेस्रो त्रैमासिकमा रु.२ करोड ६७ लाख ६३ हजार (१५.७१ प्रतिशत) र चौथो त्रैमासिकमा रु.१२ करोड ३६ लाख ७ हजार (७२.५४ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.९ करोड ७५ लाख ४५ हजार (५६.१९ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार १४ वडाको लागि वडागत र पालिकास्तरका कुल २८९ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | 77 | 12 | 6 | 59 |
| २. | वडास्तरीय | 212 | 7 | 98 | 107 |
| | जम्मा | 289 | 19 | 104 | 166 |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ।त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजनामध्ये २८९ योजनामात्र कार्यान्वयन भई १६ योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१७ **वितरणमुखी खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ. ४०७-१२।३० वाट वडा नं.१३ को जेष्ठ नागरिक सम्मान १,००,०००।० भौ ४८२-२०८१।२।२ वाट नगर प्रमुख सँग जेष्ठ नागरिक कार्यक्रम व्याङकेट १४४ थान १४४ जनालाई ४,८४,९०५।०, भौ नं.

७६४-२०८१।३।३ वाट रु. ४,५०,०००।० र भौ नं. ६०३ २०८१।३।१४ वाट जेष्ठ नागरिक सम्मान वडा नं.१० रु.१,००,०००।० गरी जम्मा रु.११,०४,९०५।० को जेष्ठ नागरिक कार्यक्रममा खर्च गरेको छ। तसर्थ यस्तो खर्च वास्तविकता र आवश्यकतामा आधारित गरी पारदर्शी तवरले गर्नुपर्दछ साथै वितरणमुखी खर्चलाई नियन्त्रण गर्नुपदर्छ ।

सैद्धान्तिक बेरुजु

१८ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८०।३।३१ मा रु.६५ करोड.५४ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।३।३१ पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८०।४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

१९ **अध्ययन विदाको तलव**

स्थायी कर्मचारीलाई स्वीकृत अध्ययन विदाको तलब अध्ययन विदा स्विकृत गर्ने सम्वन्धित मन्त्रालयको अतिरिक्त समुहमा राखि मन्त्रालयबाट नियमित तलब भत्ता खर्च लेख्ने गरेको पाइन्छ। कर्णाली प्रदेशको मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालयको मिति २०८१।१२।१७ को पत्रबाट कृषिको प्रा.स जय कृष्ण सेजुवाललाई मिति २०८०।१२।२७ बाट ३ वर्षको लागि अध्ययन विदा दिइएकोमा मिति २०८१।३।३२ मसान्त सम्म रु.१,५२,३८०।२ तलब खर्च लेखेको छ।

सैद्धान्तिक बेरुजु

२० **कर्मचारी व्यवस्था**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन। पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु. ८७,७३,३५८।० भुक्तानी गरेको पाइयो। ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत नदेखिएको रु.

| **पद** | **नियुक्ति संख्या** | **तलव भत्ता रु.** |
|---|---|---|
| स्रोत व्यक्ती | 2 | 944268 |
| सहायक चौथो | 6 | 1515800 |
| मिडिया सहायक | 1 | 384890 |
| कृषि तथा पशु प्राविधिक | 6 | 1452000 |
| सामाजिक परिचालिका | 15 | 2319900 |
| सुचना सहायक | 1 | 330000 |
| ढुवानी सेवा | 1 | 220000 |
| दलित/जनजाती/महिला हेल्प डेक्स | 3 | 1089500 |
| सहजकर्ता | 2 | 517000 |
| | जम्मा | 8773358 |

| | |
|---|---|
| अनियमित भएको | ८७,७३,३५८ |

२१ **कर्मचारी कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष आन्तरिक स्रोत कर्मचारी कल्याण कोषमा रु.२५,००,०००.०० ट्रान्सफर गरेको छ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२२ **सञ्चित कोषमा जम्मा (ट्रान्सफर)**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.४३,४५,३२३.८९ पुँजीगत खातामा रु.५५,८६,४६१.४९, समेत रु.९९,३१,७८५.३८ मिति २०८१।४।६ मा संचितकोष मा ट्रान्सफर गरेको पाइयो। तोकिएको समयमा सो रकम सञ्चित कोषमा जम्मा (ट्रान्सफर) गरी हिसाब मिलान गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२३ **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न व्यक्तिहरुलाई रु.३४,९७,०६०।० आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.१,११,०३,३४८.९६ को ३१.४९ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड अनुसार खर्च गर्दा पनि आन्तरिक आम्दानी लाई ध्यान दिनु पर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२४ **सम्पत्तिको प्राप्ति उपयोग र संरक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली अनुसार घर जग्गा तथा सम्पत्तिको लगत राख्नुपर्ने, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८.२ अनुसार मितव्ययी तरिकाले खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा यो मन्त्रालय र मातहतका निकायमा सार्वजनिक सम्पत्तिको प्राप्ति उपयोग तथा संरक्षणको अवस्था विश्लेषण गर्न देखिएको व्यहोरा निम्न छन् ।

| **सम्पत्ति** | **प्राप्त मिति** | **संख्या** | **खरिद/प्राप्ति मूल्य** | **कैफियत** |
|---|---|---|---|---|
| घर जग्गा क्षेत्रफल र संख्या सहित | 2078।3।9<br>2078।11।30<br>2078।11।27<br>2078।11।27 | 9कित्ता<br>1 कित्ता<br>1 कित्ता<br>1 कित्ता | 31948763<br>1568875<br>3286975 | 4147.73 व.मी<br>203.75 व मी<br>141.25 व मि |
| सवारी साधन (रु.१ लाखभन्दा बढी) | विभिन्न मितिमा फरक फरक मुल्यमा खरिद भएका | | | डोजर १, टिपर १, रोलर१, स्कार्पिओ १, नगर बस २, ट्याक्टर १, एक्बुलेन्स १, मोटर साइकल ९ |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२५ **जिन्सी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान

मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ। यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छन्।

• कार्यालयले गत विगत वर्षको मौज्दात रहेका र यस वर्ष खरिद भएका समानहरुको Public Asset Management System (PAMS) मा प्रविष्टी गर्नुपर्नेमा पालिकामा खरीद गरिएको सामान मात्र PAMS मा प्रविष्टी गरेको पाइयो तर वडा बाट खरिद गरिएको सामान PAMS मा प्रविष्टी गरेको पाइएन। अनिवार्य रुपमा PAMS मा जिन्सी दाखिला गरि जिन्सी प्रतिवेदन तयार गर्नुपर्दछ। आंशिक रुपमा PAMS को प्रयोग गरेको पाइयो।

• यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन।

• नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा तयार गरि लेखापरिक्षणको क्रममा पेश गर्दा सामाग्रिको यथार्थ अवस्था देखिने गरि पेस गरेको पाइएन।

सैद्धान्तिक बेरुजु

## २६ लक्ष्य प्रगति

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको छ। यस वर्ष १६ वटा कार्यक्रम शुन्य प्रगती भएको छ। ५ वटा कार्यक्रम २५% सम्म प्रगती, ८ वटा कार्यक्रम ५०%, १२ वटा कार्यक्रम ७५% प्रगती गरेको पाइयो।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिति | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगति | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २९२ | १६ | ५ | ८ | १२ |

सैद्धान्तिक बेरुजु

## २७ खर्चमा मितव्ययिता

सार्वजनिक खर्चमा मितव्ययिता कायम गर्ने निर्देशिका अनुसार कार्यालयले आफ्ना प्रशासनिक खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। पालिकाले यस वर्ष अन्य सेवा शुल्कमा रु.२,७३,१५,४२४.८२ (करार कर्मचारीको तलब दरवन्दी बहायकका), विविध खर्च रु.३२,२४,७१३।०, भ्रमण खर्चमा रु.१९,९०९६६।०,, मसलन्द तथा कार्यालय सामान रु.९०,८७,४५२।०, सवारी मर्मत सम्भार रु.२९,००,०००।०, पदाधिकारी बैठक भत्ता रु.९५,३००।०, सा संचालन खर्च रु.१३,९७,६९१।०, र घर भाडा रु.१२,५०,०००।० खर्च गरेको छ। यस किसिमका खर्चमा नियन्त्रण गरी स्रोत साधनको उपयोगमा पालिकाको ध्यान जानु पर्दछ।

सैद्धान्तिक बेरुजु

## २८ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १७ र यो वर्ष थप भएको ३१ गरी कुल ४८ विवाद दर्ता भएकोमा २८ वटा मात्र फर्स्यौट भई २० बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२९ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म २३ वटा ऐन, ९ वटा नियमावली, ७३ कार्यविधि लगायत मापदण्ड २१,निर्देशिका ४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ। साथै पालिकाले ११३ वटा कानूनहरु निर्माण गरी सभा/कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन भएको भएता पनि webside १८ मात्र रहेको पाइएकाले सर्म्पक लोड webside मा राख्नुपर्नेमा नराखेको।

सैद्धान्तिक बेरुजु

३० **ठेक्का अभिलेख**

-सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३१ **गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१७,०३,८७,०७१।८ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

३२ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म निम्नानुसारको म्याद नाघेको पेश्की रु.२५,६०,०००।० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.२५,६०,०००।०

| भौ मिति | पेश्कीको विवरण | पेश्की लिने पक्ष | पेश्की रकम |
|---|---|---|---|
| 6-2080/6/2 | वडा कार्यालय व्यवस्थापन खर्च | असल रोकाया | 200000 |
| 14-2080/6/5 | वडा कार्यालय व्यवस्थापन खर्च | अमर बहादुर मल्ल | 200000 |
| 46-2080/6/29 | इन्धन (कार्यालय प्रयोजन) | सुर्य बहादुर रावत | 15000 |
| 164-2080/9/15 | सवारी साधन मर्मत खर्च | लोकमान बस्याल सार्की | 150000 |
| 352-080/12/1 | कार्यक्रम तथा बैठक भत्ता | केबल बोहोरा | 150000 |
| 397-080/12/28 | विविध कार्यक्रम खर्च | विष्नु भक्त हितान | 45000 |
| 406-2081/1/6 | सवारी साधन मर्मत खर्च | रामचन्द्र वि क | 50000 |
| 442-081/1/14 | वडा कार्यालय व्यवस्थापन खर्च | अमर बहादुर मल्ल | 200000 |
| 467-081/2/2 | पोषण कार्यक्रम | केबल बोहोरा | 100000 |
| 290-080/11/11 | रारा ग्रामीण सामुदियक विकास केन्द्र मुगु | रारा ग्रामीण सामुदायिक विकास मुगु | 150000 |
| 87-080/12/14 | शैक्षिक पहुँच सुनिश्चतता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | चखेली सामुदायिक सिमाइ केन्द्र | 50000 |
| 87-080/12/14 | शैक्षिक पहुँच सुनिश्चतता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | छायाँनाथ सामुदायिक सिकाइ केन्द्र | 50000 |
| 87-080/12/14 | शैक्षिक पहुँच सुनिश्चतता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | रोवा सामुदियक सिकाइ केन्द्र | 50000 |
| 87-080/12/14 | शैक्षिक पहुँच सुनिश्चतता, अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्यक्रम | श्रीनगर सामुदायिक सिकाइ केन्द्र | 50000 |
| 24-2080/12/1 | बायालकाटी मानचौर तातोपानी सडक निर्माण वडा नं.१ | बायालकाटी मानचौर तातोपानी सडक निर्माण उ स | 600000 |
| ४६७-०८१।२।१ | वडा कार्यालय व्यवस्थापन | अमर बहादुर मल्ल | २००००० |
| ४७४-०८१।२।२ | वडा कार्यालय व्यवस्थापन | गणेश न्यौपाने | ३००००० |
| | जम्मा | | २५६०००० |

यस आ.ब सम्म फर्छयौट गर्न बाँकी पेश्की रु.१७,१९,२४६१.८८ मध्ये यस आर्थिक वर्षको फर्छयौट गर्न बाँकी पेश्की रु.२५,६०,०००। र गत विगतको रु.१,४६,३२,४६१.८८ रहेकाले गत विगतको पेश्कीसमेत फर्छयौट गर्न पालिकाले ध्यान दिनु पर्ने देखिन्छ। साथै धेरै पुरानो पेश्की बाँकी सरह असुल उपर गर्नु पर्दछ। एउटा पेश्की फर्छयौट भएपछि मात्र अर्को पेश्की फर्छयौट गर्नु पर्नेमा एक पेश्की पछि पुन अर्को पेश्की थप गरेको पाइएकाले यसमा समेत नियन्त्रण गर्नुपर्छ।

| | |
|---|---|
| पेश्की | २५,६०,००० |

## ३३ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन। आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

३४ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन। तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र ५३ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका २८ वटा वटा सहकारी संस्था मात्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइयो भने २५ वटा सहकारी सो प्रणालिमा दाखिला एकिकृत भएका छैनन्। एकीकृत सूचना व्यवस्थापन प्रणाली समावेश भएका सवै सहकारीले पनि सम्पुर्ण विवरण भरेको पाइएन। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

३६ **नाफामूलक संस्थालाई अनुदान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्धेश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन। यो वर्ष वजेट तथा कार्यक्रममा पारि देहायअनुसारका सहकारी, फर्म, पसल जस्ता नाफामूलक संस्थालाई विउ पुँजि, पूर्वाधार निर्माण, कार्यालय व्यवस्थापन लगायतमा अनुदान दिएको नियमसम्मत देखिए। अतः अनुदान दिदा व्यक्तिगत फर्म तथा पसललाई दिनु भन्दा सामुहिक उदेश्यले सुथापना भएका धेरै लाभग्राही भएका समुह, सहकारीलाई अनुदान दिने तर्फ पालिकाको ध्यान जानु पर्दछ।

| गोभौनं ।मिति | अनुदान प्राप्त गर्ने संस्था | अनुदान व्यहोरा | अनुदान रु. |
|---|---|---|---|
| ३९२।०८०।१२।२७ | आर के अर्गानिक कृषि फर्म | घेरवार निर्माण कार्य | ४७९८०६ |
| ४४७।०८१।०१।१६ | मष्टा कृषि पशुपन्छी जडिवुटी तथा फलफुल फर्म | भेडा पालन | ४८१५९० |
| ४७१।०८१।०२।०२ | कार्की फ्रेस हाउस एण्ड तरकारी पसल | फ्रिज जेनेरेटर इन्भटर ग्याँस सेट लगायतका सामान खरिद गर्न | ६००००० |
| ५७२।०८१।०३।०२ | सहयात्री कृषि सहकारी संस्था लि(६११५६७७८३) | ल्यापटप प्रिन्टर प्रोजेक्टर लगायतका सामान खरिद गर्न | ४८८२५० |
| ५७५।०८१।०३।०४ | सहयात्री कृषि सहकारी संस्था लि(६११५६७७८३) | विउ पूँजि अनुदान | ६७७४१० |
| **जम्मा** | | | **२७,२७,०५६** |

सैद्धान्तिक बेरुजु

३७ **तलबी प्रतिवेदनः**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३८ **वडा कार्यालयबाट सामाग्री खरिदः**

पालिकाले वडा कार्यालयको लागि बजेट विनियोजन गरी कार्यालय संचालन तथा पूँजिगत प्रकृतिका सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ ।तर प्रमुख प्रशासकीय अधिकृतबाट वडा सचिवलाई खर्चको अख्तियारी दिएको छैन। यस्तो अवस्थामा पालिका कार्यालयबाटै खर्च गर्ने व्यवस्था मिलाउनुपर्दछ। पालिकाको पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद भएका सामानहरु पाम्समा दाखिला गर्ने गरेको छैन। यसले गर्दा वार्षिक खरिदको यकिन विवरण अध्यावधिक हुन सक्दैन। अतः वडामार्फत खरिद भएका देहायका सामग्री पालिकाको जिन्सी विवरणमा देखिएको छैन। उक्त सामाग्री पालिकाको पाम्स सफ्टवेयरमा दाखिला भएको प्रमाण पेश हुनुपर्ने रु.

| गो.भौ.नं.।मिति | वडा नं. | खरिद सामग्रीको विवरण | भुक्तानी रकम |
|---|---|---|---|
| **चालुतर्फ** | | | |
| ५२।०८०।०६।३० | वडा नं.१० | ल्यापटप र प्रिन्टर | ९५१५० |
| १७३।०८०।०९।१९ | वडा नं. ८ | ल्यापटप प्रिन्टर खरिद १ थान | १००००० |
| २१०।०८०।१०।०५ | वडा नं.१३ | ल्यापटप खरिद १ थान | ८६००० |
| २८०।०८०।११।०९ | वडा नं. १ | कलर प्रिन्टर | ३२००० |
| २८९।०८०।११।११ | वडा नं.१ | ल्यापटप, प्रोजेक्टर, स्क्यानर | २००००० |
| ५४९।०८१।०२।२५ | वडा नं.७ | ल्यापटप खरिद १ थान | ८५००० |
| ५५०।०८१।०२।२५ | वडा नं.४ | ल्यापटप खरिद १ थान | ८५००० |
| ५५१।०८१।०२।२५ | वडा नं. १४ | ल्यापटप खरिद १ थान | ८५००० |
| ६६९।०८१।०३।२३ | वडा नं ७ | सोफा, टेवल, कुर्सि, दराज लगायतका सामग्रि | २५०००० |
| **पूँजिगत तर्फ** | | | |
| १६४।०८१।३।१० | ४ | ल्यापटप खरिद १ थान | ६५००० |
| १३१।०८१।२।६ | १ | जेनेरेटर खरिद १ थान | ९८०६४ |
| ५६।०८०।११।११ | १ | ल्यापटप, प्रोजेक्टर, स्क्यानर १/१ थान | १००००० |
| **जम्मा** | | | **१२८१२१४** |

| प्रमाण पेश नगरेको | १२,८१,२१४ |
|---|---|

३९ **सामुदायीक बन बाट प्राप्त गर्नु पर्ने आम्दानीः**

सामुदायिक वनवाट रकम प्राप्त नगरेकोः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि तथा उपयोग सम्वन्धी वार्षिक कर्यायोजना वनाई सम्वन्धीत तहवाट स्वीकृत गराउनुपर्ने र सामुदायिक वनले वन पैदावारको विक्रि वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम पालिकामा वुझाउनुपर्ने व्यवस्था छ। जिल्ला वन कार्यालयवाट प्राप्त

विवरण अनुसार यस पालिका अन्तर्गत देहायका सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्रि गरेकोमा उक्त रकमको १० प्रतिशतले हुने रकम यस पालिकामा वुझाउनुपर्नेमा वुझाएको छैन भने उक्त रकम उठाउन स्थानीय तहले कुनै पहल समेत गरेको देखिएन। उक्त रकम सम्वन्धित सामुदायिक वन उपभोक्ता समितिसँग असुल गरी नगरपालिका खातामा दाखिला गर्नुपर्ने रु.

| सि.नं. | नाम | ठेगाना | जम्मा राजश्व | १०% ले हुने राजश्व |
|---|---|---|---|---|
| १ | आटिखोला फेतकेचौर | छा. रा. न. पा १० | ९५०० | ९५० |
| २ | थला बुराउसे खाद्य | छा. रा. न. पा १३ | ४०५०० | ४०५० |
| ३ | तिगुरिकालाढुँगा | छा. रा. न. पा १० | ४३९०० | ४३९० |
| ४ | डाँडाखेत चुकेडि | छा. रा. न. पा १० | २८००० | २८०० |
| ५ | लिउडीपाखापानि | छा. रा. न. पा ६ | २४२०० | २४२० |
| ६ | चखेलि बुगा | छा. रा. न. पा १२ | ८०१० | ८०१ |
| ७ | चंखेलि | छा. रा. न. पा. मुगु १४ | १०६३० | १०६३ |
| ८ | रमफाबैरेनि | छा. रा. न. पा १३ | ५६०० | ५६० |
| | जम्मा | | १७०३४० | १७०३४ |

| असुल गर्नुपर्ने | १७,०३४ |
|---|---|

४० **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले निम्नानुसार ४ वटा बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता रु.९४२०९२०१ वितरण गर्दै आएको देखिन्छ ।

- **परदर्शिता र जवाफदेहिता-** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम.लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन ।
- **सार्वजनिक सुनुवाई -** स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ ।
- **अनुगमन -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन ।

सैद्धान्तिक बेरुजु

४१ **लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान नियम ९ को अधिनमा रही तयार गर्नु पर्ने व्यवस्था छ। महाकाली नमुना विद्यालय ८ कोठे २ तले भवन निर्माण कार्यको लागत अनुमान रु.५५४८०९१.९० तयार गरेकोमा विद्यालय व्यवस्थापन समितिबाट रु.७०६७४९.३८ र पालिकाबाट रु.४८४१३४२.५८ भुक्तानी हुने गरि संझौता भएको छ । लागत अनुमान तयार गर्दा सेनेटरी कार्यको एकमुष्ट रु.८०४०६।९८ र इलेक्ट्रीसिटी कार्यको १०७२०९।३१ लमसममा राखेको पाइयो । दुवै कार्यको विस्तृत लागत अनुमान तयार गर्नु पर्नेमा एकमुष्ट लागत अनुमान तयार गर्दा नियमावलीको पालनासमेत नहुने हुँदा विस्तृत रुपमा कामको एकाइ तथा मुल्यबाट तयार गर्नेतर्फ ध्यान जानु पर्ने देखिन्छ।

४१.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक नापचाँचको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ।महाकाली नमुना विद्यालय ८ कोठेभवन निर्माण कार्य Brick Works Chimney madfirst class Brick work 1:4 मा ३७.०५ घ.मि को भुक्तानी गरेको गरेकोमा जोड जम्मा गर्दा ३६.५९ मात्र भएकोले बढी भुक्तानी भएको परिमाण ०.४६घ.मी प्रति घ.मी रु.२१३२३.२८ का दरले बढी भुक्तानी भएको रु.९८०८।असुल गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ९,८०८ |
|---|---|

४१.२ यस विद्यालय भवनको निर्माण कार्यको नापी कितावमा Staircase Railling निर्माण कार्यमा नम्स वेगर प्रयोग भएका समानहरुको १५%Wastage 20@1648.66 का दरले रु.३३३५२ बढी भुक्तानी भएकाले सो Wastage दिने प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु.

| असुल गर्नुपर्ने | ३३,३५२ |
|---|---|

४२ **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१) को (क) र (क१) मा दश लाख सम्म लागत अनुमान भएको निर्माण कार्य वा मालसामान तथा पच्चीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको र नियम ८५(१ख) अनुसार एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी उल्लेखित सीमा भन्दा बढी रकमको एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न नसकिने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष विभिन्न किसिकमा बस्तु तथा सेवा खरिद प्रतिस्पर्धात्मक विधि नअपनाई निम्नानुसार रु.२७,४४,०४०। को सोझै खरिद गरिएको देखिएकोले प्याकेज वनाई प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्दछ।

| गोश्वारा भौचर | विवरण | निर्माण व्यवसायी तथा आपुर्ति कर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ५-०८०।६।८ | लुम्स देखि सोभा गाउँ सडक मर्मत | महेश कन्स्ट्रक्सन | ५००००० |
| ३५-०८०।९।२५ | फर्निचर खरिद | एस्तर फर्निचर उद्योग | ९५२३९१ |
| ५३-०८०।११।८ | कम्प्युटरलगायतका सामाग्री | युनिक कम्प्यूटर, नेपालगञ्ज | ३००००० |
| ५२-०८०।११।८ | कम्प्युर तथा प्रिन्टर खरिद | करण कम्प्युटर एण्ड मल्टी सर्भिस | १६४१०० |
| ५२-०८०।११।८ | कम्प्युर तथा प्रिन्टर खरिद | निशान कम्प्युटर ट्रेडर्स | ३०७५३३ |
| ७३-०८०।१२।१ | ल्यापटप खरिद | इन्टरसफ्ट नेपाल प्रा.लि. | ९९५०० |
| ६५-०८०।११।२० | इलेक्ट्रिक सामाग्री | आउटलुक सप्लायर्स | १०८५१३ |
| ६५-०८०।११।२० | इलेक्ट्रिक सामाग्री | निशान ट्रेडर्स | २१३३३० |
| ६५-०८०।११।२० | इलेक्ट्रोनिक्स सामाग्री | धौलागिरी इलेक्ट्रोनिक्स सप्लायर्सु | ९८६७३ |
| जम्मा | | | २७४४०४० |

सैद्धान्तिक बेरुजु

४३ **महाकाली नमुना मावि घेरावारा निर्माण**

नमुना विद्यालय अन्तर्गत ससर्त अनुदानमा लागत अनुमान रु.७२,८७,२१७.०८ भएको महाकाली नमुना मा वि घेराबारा निर्माणकार्य उपभोक्ता/विद्यालय व्यवस्थापन समितिबाट रु.१२,८७,२१७.५४ (१७.६६%) हुने गरी संझौता भएको सम्वन्धमा देखिएका व्यहोराहरु देहायक बमोजिम छन्:

४३.१ घेराबारा निर्माण कार्य २९३ मि गर्ने गरि लागत अनुमान तयार गर्दा side Clearance works, Earth work, 1:2:4 P.c.c. work, Machinary work,Truss work आदी सम्पुर्ण कार्यको प्रति इकाइ रु.२२०८२.४८ का दरले ३३० मिटर लम्बाइको लागत अनुमान रु.७२८७२१८.४ लागत अनुमान तयार गरेको छ। यसरी घेरा बाराको काममा चेनेज अनुसारको काम गराई काम अनुसारको जिल्ला दरले गुणना गरी लागत अनुमानमा तथा मेजरमेन्टमा समेत लागु गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

४३.२ घेराबारा निर्माण कार्य २९३ मि प्रति मिटर रु.२२२४९.७९ का दरले रु.६५१९१८८.४७ मा श्रमदानको अंश रु.११५१२८८.६८ घटाइ रु.५३६७८९९.७८ भुक्तानी हुनु पर्नेमा भौ २३-०८१।११।२० बाट रु.५९३७४२१ भुक्तानी भएकाले बढी भुक्तानी भएको रु.५६९५२९। बेरुजु खाता दाखिला गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ५,६९,५२९ |
|---|---|

४३.३ विद्यालयलाई घेराबारा निर्माण कार्य गर्न विभिन्न मितिमा रु.६००००००। पेश्की दिएकोमा भौ २३-०८१।११।२० बाट रु.५९३७४२१। मात्र पेश्की फर्छ्यौट भएकोले फर्छ्यौट हुन बाँकी पेश्की रु. ६२५७९। असुल गरि बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | ६२,५७९ |
|---|---|

४४ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक नापचाँचको आधारमा भुक्तानी गर्नु पर्ने

व्यवस्था छ। महाकाली नमुना मा.वि घेराबारा निर्माण कार्यअन्तर्गत गरिएका निम्न निर्माण कार्यमा वास्तविक भएको कार्य भन्दा थप भुक्तानी गरेको पाइयो। अतः भुक्तानी हुनु पर्ने भन्दा बढी भुक्तानी भएको रकम सम्वन्धितसँग असुल गरी बेरुजु खाता दाखिला गर्नु पर्ने रु.

| क्र स | काम | वास्तविक भएको काम | भुक्तानी भएको परिमाण | थप गरेको काम | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| 1 | Earthwork in excavaation | 105.48 | 116.03 | 10.55 | 2024.65 | 53795 |
| 2 | 1:2:4 P.C.C work | 14.07 | 10.77 | 0.7 | | |
| 3 | Masonary Work | 306.41 | 321.73 | 15.32 | | |
| | Total | | | 26.57 | | 53795 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५३,७९५ |

४५ **पेस्की फर्स्यौट**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा खर्चलाइ पुष्ट्याई गर्ने प्रमाण कागजात समेतको लेखा राख्नुपर्ने उल्लेख छ। महाकाली मा.वि ८ कोठे भवन निर्माण मिति २०७८।३।१५ मा कार्य सम्पन्न गर्ने गरि मिति २०७८।१।२७ मा संझौता भएको थियो। निर्माण कार्यका लागि रु.९०००००।पेश्की दिएकोमा भौ २४-०८०।११।२० बाट रु.९०००००। फर्छ्यौट गर्दा देखिएको व्यहोरानिम्नानुसार छ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक नापचाँचको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ। वास्तविक भएको काम भन्दा बढी परिमाणको भुक्तानी भएकोले बढी भुक्तानी रु.८०७१७९। सम्वन्धित सँग असुल गरि बेरुजु खाता दाखिला गर्ने रु.

| क्र स | काम | वास्तविक भएको काम | भुक्तानी भएको परिमाण | बढी भुक्तानी परिमाण | दर | बढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| 1 | Earthwork in excavaation | 200.13 | 220.15 | 20.02 | 621.86 | 12449.63 |
| 2 | Earth Back Filling | 224.89 | 244.89 | 20.03 | 431.25 | 826.23 |
| 3 | Boldor soiling | 55.42 | 58.19 | 2.77 | 8704.12 | 24110.41 |
| 4 | P:C:C 1:3:6 Work | 12.36 | 12.98 | 0.62 | 19445.13 | 12055.98 |
| 5 | P.C.C 1:2:4 Work | 13.21 | 13.87 | 0.66 | 20417.39 | 13475.47 |
| 6 | Sill Binds | 91.44 | 100.59 | 9.15 | 25866.89 | 236682.04 |
| 7 | Steel Reinforcement | 9.15 | 11.48 | 1.15 | 147580 | 169717 |
| 8 | Smalll Pillars for praper wall at first Floor Leval and Rof Level | 737.84 | 811.62 | 73.78 | 1222 | 90159.16 |
| 9 | stone Machinery Work | 66.85 | 73.53 | 6.68 | 33572.12 | 224261.76 |
| 10 | Wooden Window Frames | 1.27 | 1.78 | 0.09 | 76803.67 | 6912.33 |
| 11 | Window Shutter | 43.47 | 45.64 | 2.17 | 7617.21 | 16529.34 |
| | जम्मा | | | | | 807179.35 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,०७,१७९ |

४६ **घटी पेश्की कट्टी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा खर्चलाई पुष्ट्याई गर्ने प्रमाण कागजातसमेतको लेखा राख्नुपर्ने उल्लेख छ। महाकाली नमुना भवन निर्माणको लागत अनुमान रु.१००९७८८५.६२ भएको निर्माण कार्य

रु.६४८७५१४.०६ मिति २०८०।३।२८ मा सम्पन्न गर्ने गरी सुरेन्द्र निर्माण सेवासँग मिति २०८०।१।२७ मा संझौता भएको थियो। निर्माण व्यवसायीलाई पालिकाले रु.१२७२८९३।० पेश्की प्रदान गरेकोमा भौ.९४-०८१।३।३१ बाट रु.१०२९१०८। फर्छ्यौट भइ रु.२४३७८५। फर्छ्यौट गर्न बाँकी रहेकाले बेरुजु दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,४३,७८५ |

४७ **सुम्लि खोला झोलुङ्गे पुल**

कुल लागत अनुमान रु.३५३६३०३.३३ भएको झोलुङ्गे पुल निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउने गरी मिति २०७५।२।१५ मा सम्पन्न गर्ने गरि मिति २०७४।११।२३ मा संझौता भएको थियो। योजनाको कुल लागत रु.३५३६३०३.३३मध्ये उपभोक्ता समितिबाट गराउने कामको लागत अनुमान स्रेस्ता नरहेको तथा संझौतामा उल्लेख गरेको पाइएन। साथै सार्वनजनिक खरिद नियमावली, २०६४ को १३ औ सम्सोधन २०८०।११।२१ अनुसार नियम १२० मा कुन कुन काम के कस्तो कारणले हुन नसकेको हो सोको पुष्ट्याइँ र कार्य सम्पन्न गर्न लाग्ने अवधि खुलाइ संशोधित कार्यतालिका तथा म्याद थपका कारण थप आर्थिक दाबी नगर्ने प्रतिबद्धतासहित यो नियम जारी भएको मितिले तिस दिनभित्र निवेदन दिएमा अवधि थप गर्न सक्ने व्यवस्था छ। तर पालिकाले मिति २०७५।२।१५ मा सम्पन्न गर्ने गरी संझौता भएको योजनाको मिति २०८०।६।२७ मा रु.१७३०१३७। भुक्तानी भएको छ। अतः योजनाको अवधि थप गरेर मात्र भुक्तानी दिने तर्फ पालिकाको ध्यान जनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

४८ **मूल्य अभिवृद्धि कर भुक्तानी**

पालिकालाई आवश्यक सोलार प्यानलको लागत अनुमानमा मूल्य अभिवृद्धि कर नलाग्ने सामानको मुल्य रु.१३४२५७।७५ र मु.अ.कर लाग्ने सामान रु.५८०८९६। मा मूल्य अभिवृद्धि कर रु७५५१६.४८।जोडी रु.७९०६७०.२३ कायम भएको पाइयो। सोलार प्यानल धौलागिरी सोलार इलेक्ट्रोनिक्स अडर सप्लायर्स सँग मिति २०८१।३।२ मा सम्पन्न गर्ने गरी रु ६३०८६५।४४ मिति २०८०।१०। १६ मा संझौता भएको थियो। सोलार प्यानल र सोलार चार्ज कन्ट्रोलरमा मूल्य अभिवृद्धि कर भुक्तानी नहुनु पर्नेमा जम्मा सप्लायर्सलाई रु.६३०८६५। भुक्तानी हुँदा हुनु पर्ने भन्दा बढी मु.अ.कर रु.११३४८। भुक्तानी भएकाले सम्वन्धित सँग असुल गरी बेरुजु खाता दाखिला गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ११,३४८ |

४९ **उपभोक्ता समितिको काम सव-कन्ट्रयाक्टरबाट** (१६-२०८०-७-३):

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१०) मा उपभोक्ता समितिले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने, कुनै निर्माण व्यवसायिक तथा सवकन्ट्रयाक्टरबाट गराउन नसकिने, त्यस्तै नियम १३(क)मा उपभोक्ता समितिले आफूले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता गद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने उल्लेख छ। तर पालिकाले लहगाउँ सडक निर्माण उपभोक्ता समितिसँग सडक निर्माणको कार्य सम्झौता गरी रु.२५०००००।० भुक्तानी दिएकोमा उक्त उपभोक्ता समितिले सिन्जा भ्याली कन्स्ट्रक्सनबाट कार्य गराई भुक्तानी दिएको छ। कानूनमा व्यवस्था भए विपरित उपभोक्ता समितिलाई दिएको कार्य निर्माण व्यवसायीबाट गराउँदा नियमावली विपरित भएको खर्च नियम सम्वत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २५,००,००० |

५० **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। यस पालिका अन्तर्गतका ९ बर्थिङ सेन्टरमा गत वर्ष २८० थानको र यस वर्ष खरिद ३५० थान को रु. ३,५०,०००।०

खरिद गरेकोमा यस वर्ष ४२७ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ। पालिकाको भण्डारमा खरिद गरिएका २०३ थान न्यानो झोला मौज्दातमा रहेका छन्। तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ। लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५१ **औषधि खरिद**

पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ। आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ। यसवर्ष पालिकाले संघिय ससर्त चालु उप शिर्षकबाट रु.१९,६६,९५३।० को औषधि खरिद गरेको देखिन्छ।

सैद्धान्तिक बेरुजु

५२ **जेनेरल आइटम**

निर्माण कार्यको लागत बढ्ने गरी जेनेरलआइटम अन्तर्गत देहायका ३ योजनामा ३ थान मोटरसाईकलको रु.९६००००।० ठेक्का रकममा नै समावेश गरेको छ। चैना खोला झोलुङ्गे पुल निर्माण कार्यमा समावेश गरेको मोटरसाइकलको रु.३१०९००।०० र आँखा अस्पताल निर्माणमा समावेश भएको मोटरसाइकल रु३१९३७५ समेत रु. ६३०२७५ निर्माण व्यवसायीलाई भुक्तानी दिएकोमा लेखापरीक्षण अवधि(२०८१।५।११३) सम्म पालिकामा मोटरसाइकलको विल तथा कागजात प्राप्त भइ जिन्सी दाखिला भएको छैन। लागत अनुमान तयारगर्दा योजना लागत बढाउने आइटम BOQ मा समावेश गरी योजनाको लागत बढाउने प्राविधिकलाईजिम्मेवार बनाउनु पर्दछ। साथै खरिद गरिएको मोटरसाईकल पालिकामा दाखिला गर्नुपर्ने रु.

| क्र.सं. | विवरण | सवारी साधन | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | रारा बहुमुखी क्याम्स भवन निर्माण | मोटरसाइकल | ३२०००० | खरिद भएको छैन । |
| २ | चैनाखोला झोलुङ्गे पुल निर्माण | मोटरसाइकल खरिद | ३२०००० | रु. ३१०९००।०० मा १ थान खरिद । |
| ३ | आँखा अस्पताल भवन निर्माण | मोटरसाइकल खरिद | ३२०००० | रु. ३१९३७५।०० मा १ थान खरिद |
| जम्मा | | | ९,६०,००० | |

| अनियमित भएको | ६,३०,२७५ |
|---|---|

५३ **विद्युत लाईन विस्तार वडा नं.१२**

सार्वजनिक खरिद नियमावली, २०६४ नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशत नबढ्ने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्ना दशमलव शुन्ना पाँच प्रतिशतका दरले पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ मा निर्माण व्यवसायीले सम्झौता अनुरुपको दायित्व सारभूतरुपमा पुरा नगरेको अवस्थामा कालोसूचीमा राख्ने व्यवस्था छ। पालिकाले वडा नं. १२ मा विद्युत लाईन विस्तार गर्न मिति २०७८।२।९ मा कालभैरव/रोहित जे.भि.सँग रु.७१,२३,१२७।० मिति २०७९।३।३१ मा सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा हालसम्म सुरु सम्झौता २ गुणा भन्दा वढी २०८१।३।२१ सम्मसमयावधी थप गरेको छ। लेखापरीक्षण अवधि सम्म निर्माण व्यवसायीले कार्यारम्भ गरेको छैन। कानूनमा भएको व्यवस्था बमोजिम निर्माण निर्माण कार्य नगर्ने व्यवसायीसँग पूर्वनिर्धारित क्षतिपूर्ति असुल गरी कार्यासम्पन्न गर्नुपर्ने अन्यथा कार्यसम्पादन जमानत जफत गरी कालो सूचीमा राख्नको लागि सिफारिस गर्नुपर्दछ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(६) मा सम्झौता वमोजिमको काम सम्झौतामा उल्लेखित समयभित्र सम्पादन नगरेका कारणले पेश्की फस्यौंट हुन नसकेमा बैंक जमानतको रकम सम्बन्धित बैकबाट प्राप्त गरी पेश्की फस्यौंट गर्नुपर्ने र निजबाट त्यस्तो पेश्की रकमको सयकडा १० प्रतिशतले व्याज समेत असुल गर्नुपर्ने उल्लेख छ। पालिकाले विद्युत लाई विस्तार गर्न आ.ब. २०७७।७८ मा दिएको पेश्की हालसम्म फर्छयौट भएको छैन। कालभैरव/रोहित जे.भि.लाई रु.६,२७,०००।०० पेश्की दिएकोमा उक्त पेश्की जमानतको म्याद २०८१।१०।२५ सम्म रहेको देखिन्छ। उक्त पेश्की व्याज सहित असुल गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५४ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा करविवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट देहायका फर्मलाई मूल्य अभिवृद्धि कर रु.६७२३३२। समेत रु.५८४४१२६। भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि उक्त फर्म कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। उक्त फर्मले कर समायोजन विवरण पेश गर्नुपर्ने रु.

| **गोभौनं./मिति** | **कर विजक नं.** | **निर्माण कार्य** | **भुक्तानी पाउनेको नाम** | **प्या नं** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **नन्फाइलर रहेको मिति** |
|---|---|---|---|---|---|---|---|
| ४०-०८१। ३।२ | 3 | थार्प, लाह, लापु र तिर्प बृहत खानेपानी कार्यक्रम | सिन्जा भ्याली कन्ष्ट्रक्सन | 609890530 | 2175535 | 250282.78 | |
| 83-081/3/24 | 14 | | | | 3668591 | 422050 | |
| | | जम्मा | | | 5844126 | 672332.78 | |

| प्रमाण पेश नगरेको | ६,७२,३३२ |
|---|---|

५५ **सफ्टवेयर खरिद र परिचालन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यक्ताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर सिफारिस सफ्टवेयर, दर्ता चलानी सफ्टवेयरमा गत वर्षसम्म रु.९,७९,०००।० भुक्तानी गरेको छ। सफ्टवेयर खरिदको आवश्यक्ता यस्तो लागत अनुमान त्यसको पूर्ण प्रयोग,उक्त सफ्टवेयर संचालनको स्वीकृति र सफ्टवेयर अडिट गरेको छैन। उक्त सफ्टवेयर प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्श दाता माथि निर्भर रहेको छ। तसर्थ यस्ता सफ्टवेयर खरिद प्रयोग र वार्षिक मर्मत सुधार खर्चमा मितव्ययिता ल्याउने र त्यसको नतिजालाई सेवा प्रवाहसंग आबद्ध गराउने व्यवस्था मिलाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६ **सवारी साधन खरिद**

५६.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतकोआधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नुपर्दछ। अर्थमन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसारनेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ। लेखापरीक्षणकोक्रममा प्राप्त विवरण अनुसार पालिकाले निम्न अनुसार सवारी साधन खरिदमा रु. ८७,०९,९००। खर्च गरेको छ।

| गोश्वारा भौचर नं. | विवरण | आपूर्तिकर्त | रकम |
| --- | --- | --- | --- |
| ३२-२०८०।९।२० | नगर वस खरिद २ गोटा | सिप्रदी ट्रेडिङ कम्पनी प्रा.ली. | ८३७०००० |
| २६२-२०८१।३।२४ | मोटरसाइकल खरिद १ गोटा | अंकित जनरल स्टोर एण्ड सप्लायर्स | ३३९९०० |
| जम्मा | | | ८७०९९०० |

| सैद्धान्तिक बेरुजु |
| --- |

५६.२ नगर वस खरिदका लागि सिप्रदी ट्रेडिङ कम्पनीले पेश गरेको कबोल अंकमा बसको मूल्य रु.८३,३०,०००।भएकोमा उक्त कम्पनीसँग पालिकाले रु. ८३,७०,०००।को सम्झौता गरी कबोल अंक भन्दा बढी रु.४०,०००।भुक्तानी दिएको छ। उक्त बढी भुक्तानी दिएको रकम असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ४०,००० |
| --- | --- |

५७ **नागरिक आवास कार्यक्रम**

५७.१ नागारिक आवास कार्यक्रम अन्तर्गत २ किस्तामा गरी प्रति घरलाई रु.५०,०००। भुक्तानी दिनु पर्ने व्यवस्था छ। नागरीक आवास कार्यक्रम अन्तर्गत ३१ परिवारलाई प्रथम किस्ता रु.१८९००। का दरले रु.५,८५,९००।भुक्तानी गरेकोमा ३१ जनाले बुझेको भर्पाइ संलग्न नरहेकाले बुझेको भर्पाइ पेश गर्नु पर्ने रु.५८५९००

| असुल गर्नुपर्ने | ५,८५,९०० |
| --- | --- |

५७.२ **नागरिक आवास कार्यक्रमः** सुरक्षित नागरिक आवास कार्यविधि २०७५ को दफा ३ अनुसार लक्षित वर्गको पहिचानपश्चात दफा ५(४) बमोजिम स्थानीय तह सँग सम्झौता गरी पहिलो किस्ता वापत साठी प्रतिशत रकम उपलब्ध गराइने र उक्त रकम लाभग्राहीले जस्तापाता र काठ लगायतको सामाग्री खरिद गरी निर्माण कार्य अगाडी बढाउन खर्च गर्नुपर्ने र निर्माण सम्पन्न भएको प्राविधिक प्रतिवेदन सहितको सिफारिसको आधारमा बाँकी ४० प्रतिशत रकम दोस्रो किस्तामा उपलब्ध गराउने व्यवस्था रहेको छ। पालिकाले यस वर्ष ७४ जना लाभग्राहीलाई रु.१८,९००।० का दरले रु.१३,९८,६००।० प्रथम किस्ता उपलब्ध गराएकोमा अनुदानको प्रभावकारीताको सम्वन्धमा अनुगमन मुल्याङ्कन गरी निर्माण आवास निर्माण कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ।

यस कार्यक्रममा ३१ जना नागरिकलाई रु.१८९०० का दरले रु.५८५९००। भुक्तानी गर्नु पर्नेमा भौ.८५-०८१।३।२४ बाट रु.५८७३००।गम बहादुर चौलागाईलाई भुक्तानी भएकाले बढी भुक्तानी भएको रु.१४००। सम्वन्धित सँग असुल गरी बेरुजु खातामा दाखिला गर्नु पर्ने रु.१४००

| असुल गर्नुपर्ने | १,४०० |
| --- | --- |

५८ **अधुरो निर्माण कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्नेगरी साधारणतया प्रतिदिन सम्झौता रकमको शून्ना दशमलब शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने, पूर्व निर्धारित क्षतिपूर्ति तिर्नुपर्ने अधिकतम समयावधि भित्र पनि कार्य सम्पन्न नभएमा खरिद सम्झौताको अन्त्य गर्नुपर्न उल्लेख छ। कार्यालयलेदेहायको निर्माण कार्य सम्पन्न गर्ने गरी संझौता गरेकोमा सो अवधिसम्म निम्न अनुसारको घटि कार्य गरी भुक्तानी लिएको देखियो। सम्झौता बमोजिम बाँकी नगर्ने निर्माण व्यवसायीलाई खरिद नियमावलीमा तोकिए वमोजिम प्रकृया पुरा गरी निर्माण सम्पन्न गराउनु पर्दछ।

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायीको नाम | संझौता मिति | सम्झौता रकम | भुक्तानी रकम | सम्पन्न गर्नुपर्ने मिति |
|---|---|---|---|---|---|---|
| १ | मन्दु र झाकोट विद्यालय भवन निर्माण | ऋणमोक्ष निर्माण सप्लायर्स तथा कन्स्ट्रक्सन | | ५२८४२७६ | ३८९५१२६ | २०८१।३।२१ |
| २ | रारा बहुमुखी क्याम्पस | सुरेन्द्र निर्माण सेवा | | ४३७८४७४ | १४६०७१९ | २०८१।३।२१ |
| ३ | पालिका सभाहल | जित निर्माण सेवा | २०८१।१।२१ | ३३८५१८९ | २३१०९३० | २०८१।३।२१ |
| ४ | चैना खोला झोलुङ्गे पुल | कर्णाली इन्फ्राइस्ट्रक्चर डेभेलोपमेन्ट प्रा.लि, सल्यान | २०८१।१।३१ | ११०१२५८१ | ३४८६३८२ | २०८१।३।२१ |
| ५ | आँखा अस्पताल निर्माण | अभिनास निर्माण सेवा | २०८१।१।१२ | ५६३३७८८ | २१८३७७३ | २०८१।३।२१ |
| ६ | विद्युत लाईन विस्तार वडा नं. १० र ११ | कालभैरव/रोहित जे.भि. | २०७८।०२।९ | ८३३३२३५ | ५६६११३८ | २०८१।३।२१ |

सैद्धान्तिक बेरुजु

५९ **निर्माण कार्यको लागत अनुमान**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा अनुसूची - १ को ढाँचामा प्रत्येक आइटमको दररेट निकाली लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले देहायको योजनाको लागत अनुमान तयार गर्दा कानूनमा व्यवस्था भए बमोजिम नगरी लमसममा कार्य गराई प्रति घण्टाका आधारमा डोजर भाडा भुक्तानी गरेको छ। निर्माण कार्यको परिमाण खुलेको देखिन्दैन। कानूनमा व्यवस्था भए बमोजिम निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्दछ।

| योजनाको नाम | इकाइ (घण्टा) | प्रतिघण्टा भुक्तानी दर | जम्मा भुक्तानी |
|---|---|---|---|
| झ्यारी र सिगाडी सडक मर्मत | ११६.८० | ५४२५ | ६३३५२३ |

सैद्धान्तिक बेरुजु

६० **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक नापचाँचको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था छ।सालिम, सुम्ली, रुगा र लहको स्कुल भवन टप टावर भवन निर्माण कार्य रु.१५,१९,४४९।३८ मिति २०८१।३।२१ मा सम्पन्न गर्ने गरी मिति ०८०।१०।१६ मा पूर्ण निर्माण सेवासँग ०८०।१०।१६ मा संझौता भएको थियो। भौ ७७-०८१।३।२४ बाट र भौ ८१-०८१।३।२४ बाट जम्मा रु.१४,१९,९४९।० भुक्तानि हुनुपर्नेमा रु.१४,२९,९६१।० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.१०,०१२।० सम्वन्धितसँग असुल गरी बेरुजु खाता दाखिला गर्नु पर्ने रु.

| असुल गर्नुपर्ने | १०,०१२ |
|---|---|

६१ **विद्यालय भौतिक पूर्वाधार निर्माण**

शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६०

अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ।महाकाली नमुना मावि प्रशासकीय भवन निर्माण गर्नका लागि भौ. ६८-०८१।३।२३ बाट रु.६८,७२,६०४।० निकासा प्रदान भएकाले कार्य सम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६८,७२,६०४ |

६२ **निर्माण कार्यको बिमा**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निर्माण सामाग्री, मेशिन औजार तथा निर्माण कार्यको बीमा गराउनुपर्ने उल्लेख छ। पालिकाले देहायको निर्माण कार्यमा तथा योजनाको BOQ मा नै समावेश गरेता पनि बिमा गरेको छैन। निर्माण कार्यमा हुने जेखिम कम गर्न बीमा गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | संझौता रकम | विमा रकम |
|---|---|---|---|
| १ | रारा क्याम्पस र हिमोदय मावि भवन निर्माण | ४८३४९२९ | १२०००० |
| २ | मन्दु र झाकोट विद्यालय भवन निर्माण | ५२८४२७६ | १२०००० |
| ३ | रारा बहुमुखी क्याम्पस निर्माण | ४३७५४७४ | ४०००० |
| ४ | सभाहल निर्माण | ३३८५१८९ | ८०००० |
| ५ | आँखा अस्पताल भवन निर्माण | ५६३३७८८ | ४०००० |

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६३ **कन्टिन्जेन्सीखर्च**

निर्माण कार्यको लागतअनुमान तयार गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७ )सँग सम्बन्धित व्यवस्था सोही नियमावलीको अनुसूची-१ मा तोकिएको छ। उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचार्ट स्टाफ खर्च २ प्रतिशत र साना तिना अन्य खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिजेन्सी बापत थप गर्ने व्यवस्था रहेको छ । कार्यालयले कन्टिन्जेन्सी खर्च तर्फ मस्टरोलबाट काम गरेको उल्लेख गरी रु.४,०१,६६६।० मर्मत तथा इन्धनमा रु.२३,२२,४२०।० कार्यलयसञ्चालन तथा अनुगमनमा रु.१३,६३,९९१।० समेत यस वर्ष रु.४०,८८,०७७.८१ कन्टीन्जेन्सी खर्च गरेको छ। सार्वजनिक खरिदमा कन्टिजेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने निर्देशिका, २०७४ अनुसार कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गर्नुपर्नेमा गरेको देखिएन । योजना वा ठेक्का प्याकेज अनुसार कन्टिन्जेन्सी खर्च छुटयाई नापी किताबमा प्रविष्टि गर्नुपर्छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६४ **प्राविधिक बिल र कार्य सम्पन्न**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

६५ **लागत सहभागिता**

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ। तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन्। अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ**.**

| सैद्धान्तिक बेरुजु |
|---|

६६ **नगर प्रहरी राशनः**

गोश्वारा भौचर नम्बर र मिति १७७।२०८०।०९।१९ बाट मिति २०८०।०८।१७ गते देखि मिति २०८०।०९।०४ सम्म १६ दिन नगर प्रहरी पुनर्ताजकी तालिम जिल्ला प्रहरी कार्यालय मुगुमा संचालन गरी १८ जना नगर प्रहरी सहभागी भई मेशमा खाना खाए वापतको राशन रकम भनि क्वाटरमाष्टर प्र.ह. निम बहादुर खड्काको खातामा रु.९६१३५ भुक्तानी गरेकोमा पून गोश्वारा भौचर नंबर ३१२। २०८०।११।१७ मा तालिम अवधि अर्थात मंसिर महिनामा पनि तालिममा सहभागी १८ जना नगरप्रहरीहरुलाई राशन भत्ता करकट्टि पछिको रु.८८६१९ भुक्तानी भएकोले दोहोरो भुक्तानी भएको सम्बन्धितबाट असुल हुनुपर्ने रु.

**(विस्तृत विवरण बेरूजु दफा ६६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

| असुल गर्नुपर्ने | ८८,६१९ |
|---|---|

६७ **पदाधिकारी पोषाक खर्चः**

कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफू निर्वाचित भई कामकारबाही सुरु गरेको मिति देखि अनुसूची १ र २ मा उल्लेख भए बमोजिम रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक स्रोत समेतको आधारमा सुविधा पाउने उल्लेख छ। स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची १ र २ मा पोषाक सुविधा पाउने व्यवस्था देखिदैन। तर पालिकाले पदाधिकारीहरुलाई कार्यपालिका सदस्यहरु र सभा सदस्यहरुलाई कार्यपालिकाका वखतमा ज्याकेट तथा ड्रेस लोगो सहितको छपाइ तथा खरिद गरी रु.१६,३८,३८७ खर्च गरिनु नियम सम्वत नदेखिएको रु.

| गोश्वार भौचर नं. | विवरण | रकम |
|---|---|---|
| १२- २०८०।६।५ | सभा सदस्यहरुका लागि १७० थान ज्याकेट खरिद | १२६३३४० |
| ४७८-२०८१।२।२ | कार्यपालिका(वोर्ड सदस्य)हरुका लागि ड्रेस खरिद २५ थान | ३७५०४७ |
| **जम्मा** | | **१६३८३८७** |

| अनियमित भएको | १६,३८,३८७ |
|---|---|

६८ **करार महंगी भत्ता:**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा स्वीकृत दरवन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउने सम्बन्धि कानुनी व्यवस्था नभएकोले करार कर्मचारीहरुलाई मंहगी भत्ता उपलत्ब्ध गराउन नसकिने उल्लेख छ । तर पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी महंगी भत्तासमेत भुक्तानी गरेको छ ।तसर्थ करार कर्मचारीलाई महंगी भत्ता दिन नपाइने भएकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | कर्मचारीको नाम | पद | महिना | करकट्टी पछिको महंगी भत्ता |
|---|---|---|---|---|
| २ | उपर बहादुर मल्ल | सहायक चौथो | ५ | ९९०० |
| ६ | नगरप्रहरी २८ जना | नगरनगरप्रहरी | ११ | ४७५२०० |
| **जम्मा** | | | | **४८५१००** |

| असुल गर्नुपर्ने | ४,८५,१०० |
|---|---|

६९ **नन-फाइलरः**

मूल्य अभिबृद्धि कर ऐन,२०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मू.अ.करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न फर्महरुबाट सार्वजनिक कार्य गराउँदा उक्त फर्महरुले आयकर चुक्ता प्रमाण पत्र प्राप्त गरे नगरेको साथै मू.अ.कर समायोजन गर्न बाँकी रहे नरहेको यकिन गरेर मात्र काम गराउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले भुक्तानी गरेको फर्मको स्थायी लेखा नम्बरलाई आन्तरिक राजश्व बिभागको वेभ साईटमा सर्च गर्दा मूल्य अभिबृद्धि करमा NON-FILLER रहेको पाइयो। यसरी भुक्तानी पाउने फर्म लेखापरीक्षण अबधिसम्म VAT Non-Filler रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मू.अ.कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको यकिन हुन सकेन। यसरी भुक्तानी भएको कर चुक्ता र मू.अ.कर समायोजन भएको प्रमाण पेश गर्नु पर्ने रु.

| **सि.नं.** | **ब.उ.शि.नं.** | **गो.भौ./मिति** | **निर्माण ब्यबसी/ सप्लाईकर्ता फर्म** | **बापत** | **बिजक नं./मिति** | **भ्याट बाहेक भुक्तानी** | **मू.अ.कर रु.** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| १ | ८०६६३४०१००१ | ३२६। ०८०।११। २० | सम्झना सप्लायर्स (३०३४७४१०६) | मसलन्द तथा कार्यालय सामाग्री खरिद | ०७। ०८०। ३।१० ०८। ०८०। ३।११ ०९। ०८०। ३।१२ १०। ०८०। ३।१३ ११। ०८०। ३।१४ | ४३१६००.०० | ५६१०८.०० | मिति-२०८० अषाढदेखि मू.अ.कर NON-FILLER रहेको |

| प्रमाण पेश नगरेको | ५६,१०८ |
|---|---|

७० **बढी भुक्तानी:**

भ्रमण खर्च नियमावली २०६४ को नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने कर्मचारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर स्थानीय भत्ता नपाउने व्यवस्था उल्लेख छ । तर पालिकाले गो.भौ.नं. ४१५।०८१।०१।०१ बाट जयकृष्ण सेजुवाललाई मिति २०८०।०८।२५ देखि २०८०।१०।०५ गते सम्म सुर्खेत जिल्लामा आधारभुत सेवाकालिन तालिममा सहभागी हुन जादा ४० दिनको दैनिक भत्ता भुक्तानी गर्दा स्थानीय भत्ता कट्टा गरी रु.३७७४७ भुक्तानी गर्नुपर्नेमा स्थानीय भत्ता कट्टा नगरी रु.४५००० भुक्तानी गरेको छ। निजलाई नियमवलीमा भएको व्यवस्था विपरीत दैनिक भत्ता उपभोग गरेको अवधिमा समेत स्थानीय भत्ता भुक्तानी भएकोले बढी भुक्तानी भएको रु.७२५३ सम्बन्धीतबाट असुल हुनुपर्ने रु.

| असुल गर्नुपर्ने | ७,२५३ |
|---|---|

७१ **विद्युत जरिवानाः**

सार्वजनिक खर्चमा मितव्ययित तथा प्रभावकारी बनाउने सम्बन्धि मापदण्ड, २०७८ को दफा १५ बिजुली महसुल समयमा भुक्तानी नगरी जरिवाना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरिवाना वापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखबाट असुल उपर गर्नुपर्ने व्यवस्था छ। पालिकाले पानी, विजुली महसुल भुक्तानी गरेको भौचरको नमुना परीक्षण गर्दा रिवेट (छुट) नलिई यस वर्ष रु.२०

हजार जरिवाना रकम समेत भुक्तानी गरेको देखिन्छ। अतः आगामी दिनमा कानुनबमोजिम महसुल भुक्तानी गर्दा जरिवाना रकम नतिर्ने, जरिवाना तिर्नुपरेमा सम्बन्धित कर्मचारीबाट असुल गराउने तथा महशुल भुक्तानीमा रिवेट (छुट) लिनेतर्फ ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

७२ **खर्च पुष्टयाईको प्रमाणः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले देहायको रकम भुक्तानी गरेकोमा खर्च पुष्ट्याइको प्रमाण पेश भएको देखिएन। नियमावलीमा भएको व्यवस्था अनुसार रु.११०१८११। बराबरको प्रमाण कागजात पेश नभएकोले प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| **गो.भौ.नं।मिति** | **भुक्तानी लिनेको नाम** | **विवरण** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|
| ९५।०८०।०७।२२ | वालाजु अटो वर्क्स प्रालि | मर्मत खर्च | ७८१६३६ | सक्कल विल नभएको |
| ३७६।०८०।१२।०८ | न्यू विश्वकर्मा कला सेन्टर | मार्वलमा शिलालेख लेखेको | ४०५०० | रु.८१००० भुक्तानी भएकोमा सक्कल विल नभएको |
| ४९२।०८१।०२।०६ | डिभि सप्लायर्स | १५० पिस खरिद गरेकोमा ३७ पिस वितरण भरपाई नभएको | २७९६७५ | वितरण भरपाई नभएको |
| **जम्मा** | | | **११०१८११** | |

| प्रमाण पेश नगरेको | ११,०१,८११ |
|---|---|

७३ **बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले महिला तथा युवासँग उपप्रमुख कार्यक्रम अन्तर्गत केवल बोहरालाई रु.४,४०,०००।०० भुक्तानी दिएको छ। विद्यालयले रु.४,३६,५२५।०० को मात्र बिल भर्पाई पेस गरेकोले असुल गर्नुपर्ने रु

| असुल गर्नुपर्ने | ३,४७५ |
|---|---|

७४ **तालिम, सेमिनार, गोष्ठी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(७) बमोजिम सरकारी निकायबाट कुनै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा त्यस्तो कार्यक्रमको लागत अनुमान अधिकारप्राप्त अधिकारीबाट स्वीकृत भएको हुनु पर्ने व्यवस्था छ भने नियम ३९(८) मा स्वीकृत कार्यक्रम अनुसार सञ्चालित तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सम्पन्न भइसकेपछि प्रतिवेदन तयार गरी अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ। तर नमुना परीक्षणका रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा पालिकाले जुनसुकै तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रमको लागि रकम खर्च गर्दा लागत अनुमान एवं प्रस्तावनासमेत तयार नगरी तालिम, सेमिनार, गोष्ठी, कार्यशाला जस्ता कार्यक्रम सञ्चालन गरेको पाइयो। उदाहरणका लागि गोश्वारा भौचर नम्बर ६८३।०८१।०३।२३ मा लागु औषध दुर्व्यसनी सम्बन्धी ५ दिनको कार्यक्रममा प्रशिक्षक भत्ता रु.९९९००, गाडी भाडा रु.६१०००, खाना खाजा रु.१७७१५०, स्टेशनरी रु.४४६०० र व्यानर रु.११६०० खर्च भएकोले खर्चको मापदण्ड अनुसार गरेको पाइएन। यसरी मापदण्डको पालना नगरी बढी व्ययभार पर्ने गरी खर्च गरेको पाइएकोले यस्ता तालिम, गोष्ठी, सेमिनार, कार्यशाला सञ्चालन गर्दा लागत अनुमान स्वीकृत गराई कार्य सञ्चालन निर्देशिकाको पालना गरी मितव्ययिता अपनाउनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

७५ **करार सुविधाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन साथै अर्थ मन्त्रालयको मिति २०७९।०१।२१ को संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई लेखेको पत्रमा स्वीकृत दरवन्दीमा करारमा कार्यरत कर्मचारीहरुलाई महंगी भत्ता उपलब्ध गराउने सम्बन्धि कानुनी व्यवस्था नभएकोले करार कर्मचारीहरुलाई मंहगी भत्ता उपलव्ध गराउन नसकिने उल्लेख छ भने करार कर्मचारीहरुले स्थानीय भत्ता पाउने पनि कानुनी व्यवस्था छैन। तर पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी देहायबमोजिम स्थानीय भत्ता भुक्तानी गरेको छ ।तसर्थ करार कर्मचारीलाई स्थानीय भत्ता दिन मिल्ने कानूनी प्रावधान नभएकोले नियमसम्वत नदेखिएको रु.

| क्र.सं. | कर्मचारीको नाम | पद | स्थानीय भत्ता रकम |
|---|---|---|---|
| १ | अन्जन कुमार स्वर्णकार | न्यायिक सहजकर्ता | ४२१८० |
| २ | उपर बहादुर मल्ल | सहायक चौथो | ३८४५० |
| ४ | सुर्य बहादुर सावत | सवारी चालक | ६१९३० |
| ५ | लोकमान बस्याल | सवारी चालक | ५०६७० |
| ६ | नगरप्रहरी २८ जना | नगरनगरप्रहरी | १४४०३५० |
| **जम्मा** | | | **१६३३५८०** |

| अनियमित भएको | १६,३३,५८० |
|---|---|

७६ **प्रशिक्षक भत्ता:**

छायाँनाथ रारा नगरपालिकाको सार्वजनिक खर्चको मापदण्ड, २०८० को दफा ६ मा नगर र वडा स्तरमा सबै प्रकारमा तालिम गोष्ठी सेमिनार कार्यशाला अभिमुखिकरण संचालन सम्बन्धी खर्चको मापदण्डको क्रम संख्या ३ मा सिप विकास तालिममा नगरस्तरीयमा बाहिरी श्रोत व्यक्तिहरुको हकमा ३० कार्य दिनसम्म मुख्य प्रशिक्षकलाई प्रतिदिन रु.७०० र सहायक प्रशिक्षकलाई प्रतिदिन रु.५०० खर्च गर्न सक्ने व्यवस्था छ तर नमुना परीक्षणको रुपमा पालिकाको श्रेस्ता परीक्षण गर्दा परामर्श सेवाको लागि लागत अनुमान तयार गर्दा काम गर्न लाग्ने वास्तविक परिमाण र अवधिको आधारमा तयार गरी सोहि परिमाण र अवधिको लागि पारिश्रमिक भुक्तानी गर्नुपर्नेमा सो अनुसार नगरी लागत अनुमान बढी राखेको पाइयो । पालिकाले देहायबमोजिम गोश्वारा भौचर नम्बर ५९३।२०८१।०३।११ मा १ महिना हाते होजियारी तालिममा परामर्शदाता छनौट गरी लागत अनुमान बढी दरमा तयार गरी स्वीकृत गरेर बढी खर्च लेखेको पाइयो । तसर्थ खर्चको मापदण्डभन्दा बढी खर्च गरेकोले रु.३३१५० सम्बन्धितबाट असुल हुनुपर्ने रु.

| क्र.सं. | भुक्तानी लिनेको नाम | प्रशिक्षक | दिन | भुक्तानी हुनुपर्ने | भुक्तानी भएको | बढी भुक्तानी (करकट्टिपछिको) |
|---|---|---|---|---|---|---|
| १ | महिला अधिकार केन्द्र(६०२७१६७७८) | प्रमुख | ३० | २१००० | ४५००० | २०४०० |
| २ | | सहायक | ३० | १५००० | ३०००० | १२७५० |
| **जम्मा** | | | | | | **३३१५०** |

| असुल गर्नुपर्ने | ३३,१५० |
|---|---|

७७ **अग्रीम कर:**

आयकर ऐन, २०५८ को दफा ८८ र ८९ अनुसारको भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार लाग्ने रु.१६८६०/- अग्रिम कर कट्टी नगरेको एवं घटी कट्टी गरेकोले उक्त रकम असुल हुनुपर्ने रु.

| गो.भौ.नं.।मिति | भुक्तानी लिनेकोनाम | करको प्रकार | करकट्टी गर्नुपर्ने | करकट्टीगरेको | घटिकरकट्टी रकम |
|---|---|---|---|---|---|
| २३।०८०।०६।०९ | असल रोकाया | वहाल कर(१०%) | २४०० | ० | २४०० |
| | | पारीश्रमिक कर(१५%) | ३६०० | ० | ३६०० |
| | | अग्रिम कर(१.५%) | २२८० | ० | २२८० |
| ६५।०८०।०७।०१ | हरिलाल भियाल | वहाल कर(१०%) | २००० | ० | २००० |
| | | पारीश्रमिक कर(१५%) | ४२०० | ० | ४२०० |
| | | अग्रिम कर(१.५%) | १२३० | ० | १२३० |
| ३८१।०८०।१२।१२ | दिलिप कुमार भाम | अग्रिम कर(१.५%) | ११५० | ० | ११५० |
| **जम्मा** | | | | | **१६८६०** |

| असुल गर्नुपर्ने | १६,८६० |
|---|---|

७८ **आन्तरिक लेखापरीक्षणबाट देखिएको व्यहोरा**

७८.१ स्थानीय सरकार संञ्चालन ऐन, २०७४को दफा ७७(२)मा स्थानीय तहले कानुन बमोजिम आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने साथै ७७(३) मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनले औल्याएका कैफियत सम्वन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ।पालिकाले आन्तरिक लेखा परीक्षण प्रतिवेदनले औल्याएका बेरुजु सम्वन्धमा कारवाही अगाडी बढाएको नदेखिएको निम्न अनुसार व्यहोरा कायम गरिएको छ । उक्त रकम प्रमाण पेस तथा असुल फर्स्यौट गर्नुपर्ने रु.

<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१६</td><td>कर्णाली मा.बि. टोप्ला कार्यरत स.का. श्री संगीता भाम मिति २०८१-०१-१४ गते देखि हाजिर भएको संलग्न अभिलेखबाट प्रमाणित रहेको तर यस नगरपालिकाले बैशाख महिना भरि कै स.का. प्रोत्साहन वापत रु. ५००० निकासा गरिएकाले बढी भएको स.का. प्रत्साहन भत्ता रु. २५०० असुल उपर गर्ने</td><td>२५००</td></tr>
<tr><td>२०</td><td>यस नगरपालिका र रारा समुदायिक सिकाई केन्द्र पिना बिच भएको सम्झौता तथा उक्त्त सिकाई केन्द्रले पेश गरेको खर्चको प्रास्तावना अनुसार सेतो पाटि र कम्प्युटर, प्रिन्टर खरिद शिर्षकमा क्रमश रु. ३०,०००।- र रु. १,२५,०००।- छुट्टयाईएको भएतापनि उक्त्त सामुदायिक सिकाई केन्द्रले उल्लेखित खर्च शिर्षकमा क्रमश रु. २५,०००।- र रु. १,२०,०००।- मात्र खर्च भएको देखिएकाले खर्च हुन नसकेको रकम रु. १०,०००।- असूल उपर गर्नु पर्ने रु.</td><td>१००००</td></tr>
<tr><td></td><td>नगरपालिका शिक्षा अन्तर्गत नेपाल सरकार समानीकरण अनुदानबाट शिक्षक पारिश्रमिक रु.८८४९००० र कार्यक्रम खर्च १२७००० गरि रु.१०११९००० तथा कर्णाली प्रदेश समानीकरण अनुदान बाट छात्रवृत्ति मा रु. २००००००/- गरि जम्मा रु.१२११९००० बिनियोजन गरिएकोमा छ । यसरी विनियोजित बजेटमध्ये रु. १२०५०३०५ खर्च भएको छ । विकास निर्माणको लागि प्राप्त भएको समानीकरणको अनुदान रकम तलव भत्तामा खर्च गर्नु नियमसम्मत देखिएन ।</td><td></td></tr>
<tr><td>२०</td><td>सहायक चौथो उपर बहादुर मल्लले गत आर्थिक वर्षको पेश्की रु. २,००,०००।- फछ्यौट गर्दा महिला सञ्जाल गठन तथा अनुगमन गरेवापत सहजकर्ता संगिता मल्ललाई प्रति दिन रु.१३२० का दरले सात दिनको रु. ८२४० भुक्तानी दिएको छ । नगरपालिकाले निर्माण गरेएको सार्वजनिक मापदण्ड, २०८० को दफा १० बमोजिम सहायक स्तरको कर्मचारीले अनुगमन गर्दा प्रति दिन रु. ७०० दिने व्यवस्था रहेकाले नर्म्स भन्दा बढी भुक्तानी भएको रकम असुलउपर गर्नुपर्ने रु.</td><td>३३४०</td></tr>
<tr><td>२३</td><td>गत आर्थिक वर्षको पेश्की फछ्यौट गर्दा नियमानुसार कट्टी गर्नु पर्ने अग्रीम कर, घर बहाल कर तथा पारिश्रमिक करहरु कट्टी नगरेकाले असूलउपर गर्नु पर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.</th><th>विवरण</th><th>रकम</th><th></th><th></th><th></th></tr>
<tr><td>२३</td><td>सहायक चौथो असल रोकाय</td><td>८२९६</td><td></td><td></td><td></td></tr>
<tr><td>६५</td><td>कार्यालय सहयोगी हरिलाल भियाल</td><td>७३३९</td><td></td><td></td><td></td></tr>
<tr><td>७६०</td><td>वडा नं.७ कार्यालयको पेश्की फस्र्यौट</td><td>६७१५</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>८२९६</td></tr>
<tr><td>५५</td><td>गरिवसँग नगरप्रमुख कार्यक्रम अन्तर्गत यस पालिका भित्ररहेका दलित घरधुरीलाई दशैं तिहार भत्ता वापत ६५ घरधुरी लाई रु. २५०० का दरले रु. ३०,७५,०००।– वितरण गरेको देखियो तर उक्त्त रकम उल्लेखित दलित घरधुरीको नाममा गएको बैंक भौचर संलग्न नभएकोले उक्त प्रमाण पेस हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९५</td><td>यस पालिकाले सवारी साधन मर्मत खर्च शिर्षकबाट Balaju Auto Works Pvt. Ltd. लाई रु. ७,८१,६३६।– सक्कल बिल बेगर भुक्तानी गरिएकाले उक्त खर्च पुष्टि गर्ने सक्कल बिल भरपाई राखी खर्च नियमित रु.</td><td>७८१६३६</td></tr>
<tr><td>१४१</td><td>स्वारी साधन मर्मत खर्च गरे वापत स्टोर शाखा प्रमुख श्री रेशम बहादुर रावलले बिल नं. २३ बाट रु. ६४,९९७।- र बिल नं. २४ बाट रु. ३,६९,८१५।- समेत रु. ४,३४,८१२।– सक्कल बिल बेगर भुक्तानी गरिएकाले उक्त खर्च पुष्टि हुने सक्कल बिल भौचर पेश गरी खर्च नियमित गर्ने</td><td>४३४८१२</td></tr>
<tr><td>२५५</td><td>यस पालिकाले रारा टेर्डस बाट १९ वटा ट्राउजर र ७ वटा भेस्ट खरिद गरे वापत रु. ४९,०००।– भुक्तानी गरिएको देखियो, मौजुदा कानून बमोजिम खरिद गरिएका उक्त सामाग्रीहरु वितरण गरिएको भरपाई पेस हुनुपर्ने रु.</td><td>४९०००</td></tr>
<tr><td>३४९</td><td>पदम रावलले जलवायू सम्बन्धी एक दिने अर्न्तक्रिया तथा कार्यशाला गोष्टी सञ्चालन गरे वापत रु. १,००,०००।- भुक्तानी लिएकोमा कार्यक्रमको सहभागी भत्ता वापत रु. ५९,८९०।- वितरण गरिएको देखिन्छ । तर संलग्न सहभागीहरुको भरपाई बमोजिम रु. ५६,८९०।– रहेकाले सहभागीको हस्ताक्षर बेगर रु. ३००० भुक्तानी खर्च देखाएकाले असूल उपर</td><td>३०००</td></tr>
<tr><td>३७६</td><td>शिलापत्र लेखे वापत न्यू विश्वकर्मा कला केन्द्रलाई ८१,०००।– भुक्तानी गर्दा रु. ४०,५०० सक्कल बिल बेगर भुक्तानी गरिएकाले उक्त खर्च पुष्टि गर्ने सक्कल बिल भरपाई राखी खर्च नियमित गर्नुपर्ने</td><td>४०५००</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>

<table>
<tr><td>४०३</td><td colspan="6">१ नं. वडा कार्यालयको बजेट बाट श्री मिन मा.वि. भारेकोटको विद्यार्थीहरुका लागि ट्र्याक सेट ३२० थान खरिद गरेवापत आर.जे. स्पोर्ट बुटिक प्रा.ली. लाई रु. २९८३२०।- भुक्तानी गरिएको। उक्त ट्र्याक सेटहरु सम्बन्धित विद्यालयका विद्यार्थीहरुले बुझी लिएको विवरण संलग्न नरहेकाले बिल भरपाई बमोजिमको ट्र्याक सेटहरु विद्यार्थीहरुले बुझिलिएको भरपाई पेश हुनुपर्ने रु.</td><td>२९८३२०</td></tr>
<tr><td>४१६</td><td colspan="6">POC Radio सेट नविकरण गरे वापत DECADE International PVT. LTD. लाई रु. ३९,५५० सक्कल बिल बेगर भुक्तानी गरेको देखियो । तसर्थ उक्त खर्च देखिने सक्कल बिल बिजक राखी खर्च नियमित गर्ने अन्यथा असूल उपर गर्ने</td><td>३९५५०</td></tr>
<tr><td>४८५</td><td colspan="6">विवधि खर्च बाट कर्णाली प्रदेश स्तरीय फुटबल खेल्न जुम्ला गएका खेलाडीहरुलाई सहयोग स्वरुप रु ४५,००० भुक्तानी गर्दा नियम अनुसार कट्टी गर्नु पर्ने वहाल कर कट्टी नगरेकाले असूल उपर गर्नु पर्ने रु. ४५००</td><td>४५००</td></tr>
<tr><td>५७९</td><td colspan="6">पालिकाले सभा सञ्चालन गर्दा जनप्रतिनिधिहरुलाई बैठक भत्ता वापत ६४ जनालाई ५ दिनको रु. १५०० का दरले रु. ४,८०,००० भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नु पर्ने पारिश्रमिक कर कट्टी नगरी बैठक भत्ता भुक्तानी नगरिएकाले असुल उपर गर्नु पर्ने रकम रु.</td><td>७२०००</td></tr>
<tr><td rowspan="6"></td><td colspan="6">आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९, ५६ र ५७ तथा नेपाल सरकारको लेखा निर्देशिका, २०७३ बमोजिम प्रमाण पुष्टियाईका आधारमा खर्च लेख्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न कार्यक्रम गर्दा सक्कल बिल बेगर भुक्तानी गरिएकाले उक्त खर्च पुष्टि गर्ने सक्कल बिल बिजक संलग्न राखी खर्च नियमित गर्ने</td><td rowspan="6">२४६२५०</td></tr>
<tr><td>गो.भौ.नं.</td><td>विवरण</td><td>रकम</td><td></td><td></td><td></td></tr>
<tr><td>६३३</td><td>गुरुदेव मेशनरी</td><td>९५०००</td><td></td><td></td><td></td></tr>
<tr><td>६६७</td><td>हस्त बहादुर भाम</td><td>११०७५०</td><td></td><td></td><td></td></tr>
<tr><td>७२९</td><td>न्यू विश्वकर्मा कला सेन्टर</td><td>४०५००</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२४६२५०</td><td></td><td></td><td></td></tr>
<tr><td>७१८</td><td colspan="6">१३ नं. वडा सचिव श्री हिम बहादुर बढुवालले एक दिने आर्युवेद योग जीवन शैली व्यवस्थापन कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षकलाई खाना र बास खर्च वापत रु.४५००/- भुक्तानी गरेको देखिन्छ । उक्त कार्यक्रम एक दिने भएको र प्रशिक्षकहरुलाई आतेजाते भाडा र खाना खाएको बिल पनि संलग्न राखी भुक्तानी लिएकाले खाना तथा बास वापतको दोहोरो भुक्तानी रकम असूल उपर रु.</td><td>४५००</td></tr>
<tr><td rowspan="4">१६</td><td colspan="6">श्री प्रभात मा.वि. रोवामा कक्षा ८ को परिक्षा सञ्चालन गर्दा उल्लेखित शिक्षकहरुले उपस्थित दिन भन्दा बढी दिनको भत्ता बुझिएको हुँदा बढी भएको रकम असूल उपर गर्नुपर्ने रु.</td><td rowspan="4">२७००</td></tr>
<tr><td>नाम</td><td>भत्ता रकम</td><td>उपस्थित दिन</td><td>रकम बुझेको दिन</td><td>बढि भएको दिन</td><td>रकम</td></tr>
<tr><td>काली बहादुर अधिकारी</td><td>१०००</td><td>८</td><td>१०</td><td>२</td><td>२०००</td></tr>
<tr><td>शुभास साह</td><td>७००</td><td>८</td><td>९</td><td>१</td><td>७००</td></tr>
<tr><td>१२९</td><td colspan="6">नेपाल विद्युत प्रधिकारणलाई बिद्युत महसुल वापत रु. ४०,००० भुक्तानी गर्दा बिल्मब गरि महसुल बुझाए वापत जरिवाना स्वरुप रु. ३७९९ भुक्तानी गरिएकाले यसरी समयमा नै महसुल नतिरि जरिवाना स्वरुप थप रकम भुक्तानी गर्दा कार्यालयलाई थप व्ययभार पर्ने देखिन्छ तसर्थ यस्ता प्रकारका महसुलहरु समयमा नै भुक्तानी गरी आर्थिक मितव्ययीता कायम गर्ने गराउने रु.</td><td>३७९९</td></tr>
<tr><td>१५९</td><td colspan="6">पशु स्वास्थ्य प्राविधिक श्री आकाश नाथले पेश्की फछ्यौट गर्दा नियम अनुसार कट्टी गर्नुपर्ने वाहाल कर कट्टी नगरिएकाले असूल उपर</td><td>८५०</td></tr>
<tr><td>१७७</td><td colspan="6">महाकाली नमुना मा.वि.ले विज्ञान प्रयोगशाला सम्बन्धि रु. ६,५०,००० को सक्कल बिल बिजक बेगर सामाग्री खरिद गरेकाले उक्त रकम बमोजिमको सक्कल बिल पेश गरि खर्च नियमित गर्ने अन्यथा असूल उपर</td><td>६५००००</td></tr>
<tr><td>१८२</td><td colspan="6">श्री प्रभात मा.वि. रोवालाई विद्दयालय शैक्षिक गुणस्तर सुदृधीकारण एवं कार्यसम्पादन आधारित प्रोत्साहन अनुदान अन्तर्गत रु.६५०००० भुक्तानी दिदा नियमानुसार कट्टी गर्नु पर्ने अग्रिम आयकर कट्टी नगरेकाले असुल गर्नु पर्ने रु.</td><td>९७५०</td></tr>
<tr><td>२१०</td><td colspan="6">श्री हिमोदय आ.वि. बामको गत आ. व. को पेश्की फछ्यौंट गर्दा नियमानुसार कट्टी गर्नु पर्ने अग्रिम कर कट्टी नगरेकाले असुल उपर गर्नु</td><td>९७५०</td></tr>
</table>

| | | |
|---|---|---|
| | पर्ने रु. | |
| २११ | श्री ने. रा. आ. वि. शोभाको को गत आर्थिक वर्षको पेश्की फछ्र्यौट गर्दा नियमानुसार कट्टी गर्नु पर्ने अग्रिम कर कट्टी नगरेकाले असुल उपर गर्नु पर्ने रु. | २२५० |
| ८९ | ५ नं. वडाको धारा देखि ओडार सम्म RCC योजना सञ्चालन गर्दा Plain Concrete (1:2:4) for foundation in wall आईटममा रेट एनलाईसिस अनुसार उक्त आईटमको २७.८ × १९७५१ = ५२९३२.६८ रहेको तर एम.बि. अनुसार २७.८१ × १९७७४.१० = ५३०१०४.७ राखी भुक्तानी गरिएकाले रु. ७७८ बढी भुक्तानी भएको रु. | ७७८ |
| ११४ | लुम मेगेखोला सिँचाई निर्माण कार्य गरे वापत लुम मेगेखोला सिँचाई आयोजना उपभोक्ता समितिलाई रु. ५,४५,०४७।० भुक्तानी गर्दा कन्टिजेन्सी वापतको रकम रु. २१,८०१ कट्टी नगरी भुक्तानी गरिएकोले सम्बन्धित उ.स. बाट असुल उपर गर्नुपर्ने रु. | २१८०१ |
| १४९ | साहस नेपाल साझेदारी कार्यक्रम अनुसार ७ नं. वडामा रहेको समाज सुधारक महिला समुहलाई केसरनाथ बाख्रा फर्मबाट १६७५ के.जी. बोका तथा बाख्रा खरिद गरि बितरण गरिएको तथा उक्त बाख्राहरुको बिमा नगराएको हुँदा बाख्राको बिमा गराई कृषकलाई वितरण गर्दा भावी जोखिम न्यून हुने देखिन्छ । | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २०,६३,९३६ |

७८.२ **आन्तरिक राजश्व तर्फः** कार्यालयले राजस्वको अभिलेख अध्यावाधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । देहायको फिर्ता नभएको ३२ ठेली रसिद सम्बन्धमा पालिकाले छानविन गरी टुंगो लगाउनु पर्दछ । पालिकाले सबै वडाहरुमा स्वचालित प्रणाली जडान गरी राजस्व संकलन तर्फ ध्यान जानुपर्दछ ।

| क्र.स. | नाम | पद | ठेगाना | रसिद | | ठेली संख्या | वडा कार्यालय |
|---|---|---|---|---|---|---|---|
| | | | | देखी | सम्म | | |
| १ | असल रोकाय | वडा सचिव | रा.छा.ना.पा.१३ | २६९०१ | २६९५० | १ | १३ |
| २ | कुन्जुमा कुमाई | ११ न. वडा अध्यक्ष | रा.छा.ना.पा.११ | २६२०१ | २६२५० | १ | ११ |
| ३ | सुन बहादुर खड्का | वडा सचिव | रा.छा.ना.पा.३ | २५७५१ | २५८०० | १ | ३ |
| ४ | सुन बहादुर खड्का | वडा सचिव | रा.छा.ना.पा.३ | २४९०१ | २४९५० | १ | ३ |
| ५ | वृष ब. रोकाया | ९ न. वडा अध्यक्ष | रा.छा.ना.पा.९ | २५०५१ | २५१५० | २ | ९ |
| ६ | सुशील भाम | का.स. | रा.छा.ना.पा.८ | २५१५१ | २५२०० | १ | ८ |
| ७ | सल ब. रावल | सामाजिक परिचालक | रा.छा.ना.पा.८ | २५३०१ | २५३५० | १ | ८ |
| ८ | सल ब. रावल | सामाजिक परिचालक | रा.छा.ना.पा.८ | २५३५१ | २५४०० | १ | ८ |
| ९ | कुसलाल रोकाया | का. स. | रा.छा.ना.पा.१३ | २५६०१ | २५६५० | १ | १३ |
| १० | सुरेन्द्र रावल | सामाजिक परिचालक | रा.छा.ना.पा.८ | २७७५१ | २७८०० | १ | ८ |
| ११ | सल ब. रावल | सामाजिक परिचालक | रा.छा.ना.पा.८ | २६५०१ | २६५५० | १ | ८ |
| १२ | अमर मल्ल | वडा सचिव | .छा.ना.पा.१० | २६३५१ | २६४०० | १ | १० |
| १३ | अमर मल्ल | वडा सचिव | .छा.ना.पा.१० | २९७५१ | २९८०० | १ | १० |
| १४ | कुसलाल रोकाया | का. स. | रा.छा.ना.पा.१३ | ३०००१ | ३००५० | १ | १३ |
| १५ | जितेन्द्र कुमाई | अ.स.ई | रा.छा.ना.पा.११ | ३०७५१ | ३०८०० | १ | ११ |
| १६ | ऐन बहादुर शाही | अ.स.ई | रा.छा.ना.पा.९ | ३१०५१ | ३११०० | १ | ९ |
| जम्मा | | | | | | १७ | |

मालपोत तर्फको रसिदहरु

| क्र.स. | नाम | पद | ठेगाना | रसिद | | ठेली संख्या | वडा कार्यालय |
|---|---|---|---|---|---|---|---|
| | | | | देखी | सम्म | | |
| १ | सुन बहादुर खड्का | वडा सचिव | रा.छा.ना.पा.३ | ४१०१ | ४२०० | २ | ३ |
| २ | सर्जन रावल | का.स. | रा.छा.ना.पा.३ | ४६०१ | ४७०० | २ | ३ |
| ३ | वृष ब. रोकाया | ९ न. वडा अध्यक्ष | रा.छा.ना.पा.९ | ४२०१ | ४३०० | २ | ९ |
| ४ | राम सिंह कार्की | का. स. | रा.छा.ना.पा.८ | ४७०१ | ४६५० | १ | ८ |
| ५ | कुन्जुमा कुमाई | ११ न. वडा अध्यक्ष | रा.छा.ना.पा.११ | ४९५१ | ५००० | १ | ११ |
| ६ | असल रोकाय | वडा सचिव | रा.छा.ना.पा.१३ | ५९०१ | ५९५० | १ | १३ |
| ७ | सर्जन रावल | का.स. | रा.छा.ना.पा.३ | ५६५१ | ५७५० | २ | ३ |
| ८ | अमर मल्ल | वडा सचिव | .छा.ना.पा.१० | ५९५१ | ६००० | १ | १० |
| ९ | अमर मल्ल | वडा सचिव | .छा.ना.पा.१० | ६२५१ | ६३०० | १ | १० |
| १० | उति सिंह बुढा | का. स. | रा.छा.ना.पा.११ | ६३५१ | ६४५० | २ | ११ |
| जम्मा | | | | | | १५ | |

| सैद्धान्तिक बेरुजु |
|---|

७८.३ आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व ऐन, २०७६ को दफा २७ मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिन सम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरीमाना गरी सो समेत दाखिला गर्न लगाउने र सो भन्दा बढी ढिलो गरेको भए दश प्रतिशतले जरिवान गरी दाखिला गर्न लगाई कुसरको मात्र अनुसार प्रचलित कानुन बमोजिम कारबाही समेत गर्नुपर्ने उल्लेख छ । पालिकाले कर्मचारीहरुले देहायबमोजिम राजस्व वापतको रकम कार्यालयमा दाखिला नगरेकोले उक्त रकम १० प्रतिशत जरीमान गरी दाखिला गर्नुपर्ने रु.

| **क्र.सं.** | **कर्मचारीको नाम** | **रकम** |
|---|---|---|
| १ | नगर प्रहरी | ८३००५ |
| २ | अ. स. ई. श्री गम बहादुर चौलागाई | ३०००० |

देहायको कर्मचारीरुले कानुनमा उल्ले गरेको भन्दा ढिला दाखिला भएकोले सम्बन्धितबाट कानुन बमोजिम १०% ब्याज सहित असुल गर्नुपर्ने रु.

| कर्मचारीको/सस्थाको नाम | राजश्व उठाएको आ.व. | राजश्व दाखिला गरेको आ.व. | बैंक दाखिला रकम | १०% ब्याज |
|---|---|---|---|---|
| हरी बहादुर बुढा | २०८०/०८१ | २०८१/०८२ | १२१५० | १२१५ |
| नगर प्रहरी | २०८०/०८१ | २०८१/०८२ | १३०००० | १३००० |
| रत्न विक्रम रावल | २०८०/०८१ | २०८१/०८२ | १२०७३० | १२०८ |

| असुल गर्नुपर्ने | १,२८,४२८ |
|---|---|

७९ **वढी भुक्तानी** (२४०-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि भुक्तानी दिन आवश्यक विल, भरपाई, र काजगता संलग्न भए नभएको भुक्तानी दिन रीत पुगे वा नपुगेको जिम्मेवार व्यक्तिले जाँच गर्नुपर्ने उल्लेख छ। पालिकाले फोर जि मार्केटिङ एण्ड ड्रिस्टिव्युशन प्रा.लि.लाई ७८ सिसि सूचना प्रकाशनवापत रु. ९२,५४७।०० भुक्तानी गरेको छ। तर वास्तिवक पत्रिकामा ६५ सिसिमा मात्र सूचना प्रकाशित गरेको देखिएकोले १३ सिसि रु.१५,४२४ बढी भुक्तानी भएकोले उक्त रकम असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,४२४ |

८० **वडा कार्यालयको घेराबार**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा वा सो सम्बन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारी सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समितिबाट कार्य गराउन वा सेवा लिन सक्ने उल्लेख छ। पालिकाले देहायको कार्यालयको घेराबार तथा पर्खाल निर्माण गरि रु.४०४७६३६। उपभोक्ता समितिलाई भुक्तानी दिएको देखियो। कानुनमा व्यवस्था भए भन्दा फरक वडा कार्यालयको घेराबारा निर्माणका लागि उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी भए पनि प्रदेश सशर्त अनुदान, मुख्य मन्त्री रोजगार कार्यक्रम अन्तर्गतसमेत कार्यालय/वडा को निर्माण कार्यको योजना आउने गरेकोले ऐनको पालना हुन नसकेको पालिकाको भनाइ छ।

| **गो.भौ.न.** | **उपभोक्ता समितिको नाम** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २०८-२०८१।३।२१ | वडा नं. १२ कार्यालयको घेराबार निर्माण उपभोक्ता समिति | घेराबार निर्माण | ७६७४०० |
| १९२-२०८१।३।१९ | वडा नं. ९ कार्यालय घेराबार निर्माण उपभोक्ता समिति | घेराबार निर्माण | १०३५०२४ |
| २०६-२०८१।३।२० | प्रसूति गृह वाल निर्माण उपभोक्त समिति | वाल निर्माण | ४६७७७१ |
| ७६-२०८१।३।२४ प्रदेश सशर्त अनुदान | वडा नं. ११ कार्यालय घेराबार निर्माण उपभोक्ता समिति | घेराबार निर्माण | १७७७४४१ |
| जम्मा | | | ४०४७६३६ |

सैद्धान्तिक बेरुजु

८१ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ३४६७७४४१८.५ | ११११०३३४८.९६ | ३.२० |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.२० प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

८२ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ५९१०००० | ४४१०३७९.३६ | 74.62 |
| घरजग्गा वहाल कर | १५००००० | १९४२५७२.६ | 129.50 |
| व्यवसाय कर | २०००००० | ६५४१६६ | 32.7 |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८३ **व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाभित्र हाल सम्म १९९ वटा व्यवसाय दर्ता तथा यस वर्ष ९ व्यवसाय नवीकरण शुल्क वापत रु.६,५४,१६६। कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन्। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८४ **राजश्व बाँडफाँड**

स्थानीय तहले आर्थिक ऐन बमोजिम असुल गरेको देहाय अनुसारको रकम राजश्व बाँडफाँड गर्नुपर्नेमा व्यवस्था अनुसार गत आ.व को रु.१२,१४,४४९।० मिति २०८०।८।२४ मा र यस आ.व को रु.४,२८,१४९.२७ मिति २०८१।३।३१ मा बाँडफाँड गरी प्रदेश र पालिकाको बाँडफाँडबाट प्राप्त राजश्व खातामा ट्रान्सफर गरेतापनि म.ले.प.फा.न. २७० मा बाँडफाँड गर्न बाँकी दहत्तर बहत्तर रु.१२,१४,४४९।० बाँकी देखिएकोले स्रेस्ता र सुत्रमा फरक परेको हिसाब मिलान गर्नु पर्ने देखिन्छ।

**पुनः म**.ले.प.फा.नं. २७५ मा बाँडफाँड गर्न बाँकी राजश्व शुन्य देखिएको छ । यसरी सुत्रबाट उत्पन्न हुने प्रतिवेदनहरुमा एकै रिर्पोट फरक देखिएबाट सुत्रबाट निकालिएको रिपोटमा एकरुपता नहुने हुँदा एकरुपता आउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

८५ **दहत्तर वहत्तर**

पालिकाको क्षेत्राधिकारमा रहेको मुगु कपाली र गमगड खोलाबाट उत्खनन् गर्न सकिने ढुङ्गा, गिटी बालुवा (दहत्तर वहत्तर) को लागि IEE गरेको पाइएन। साथै IEE गरी राजश्व संङ्कलनको लागि ठेक्का लगाई राजश्व संकलन गर्ने तर्फ पालिकाको ध्यान जानु पर्दछ। पालिकाको क्षेत्राधिकार भित्र गिटी, बालुवा र ढुङ्गा लिएर भित्रने सवारी साधन सँग रु.५००। का दरले राजश्व संकलन गरेको पाइयो। रसिद छपाइ तथा रसिद नियन्त्रण खाता राखेको पाइएन। प्रहरी मार्फत राजश्व संकलन गरेको पाइयो।मुगु कर्णाली नदिको किनारमा क्रसर स्थापना भएको देखिएता पनि सो बारेमा पालिकाबाट लेखापरिक्षणको क्रममा विवरण पेश भएन। आयोजनाले स्थापना गरेको सो क्रसरबाट उत्पादन हुने दहत्तर वहत्तरको राजश्व संकलन गर्नु पर्नेमा गरेको पाइएन।

सैद्धान्तिक बेरुजु

८६ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १४ वडामा १२ योजना सञ्चालन गरी यस वर्ष ८८ जनालाई औसत ८७ दिनले ७६६१ दिन रोजगारी उपलब्ध गराई

रु.४८,६८,३८४।० श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८७ **दिवा खाजा**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा शैक्षिक सूचना व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्टी भएको प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मको विद्यार्थी सङ्ख्यालाई आधार मानेर स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु. २० (कर्णाली प्रदेश, मगु जिल्ला) का दरले पहिलो त्रैमासिकको बजेट निकासा गर्ने र दोश्रो त्रैमासिक देखि स्थानिय तहले विद्यालयको भौतिक रुपमा कक्षा चलेको दिन खाजा उपलब्ध गराएको विद्यालयको प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिको अध्यक्षबाट विद्यार्थीको प्रमाणित सङ्ख्यात्मक विवरणको आधारमा स्थानिय तहले सङ्ख्या एकिन गरेपछि मात्र थप अनुदान दिनुपर्ने व्यवस्था छ। दिवा खाजाको व्यवस्था दिवा खाजा मापदण्ड बमोजम गर्नुपर्दछ। दिवा खाजामा भएको खर्च विद्यालय व्यवस्थापन समिति र खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गरि स्थानीयतहबाट अनुगमन र निरीक्षण गर्नुपर्दछ। कार्यक्रम कार्यान्वयन पुस्तिकाकामा भएको व्यवस्थाको अनिवार्य पालना हुनुपर्दछ। पालिकाले यस वर्ष दिवा खाजाका लागि रु. १,१५,२१,५६० विद्यालयहरुलाई निकासा दिएको छ। दिवा खाजा मापदण्ड, २०७८ बमोजिम दिवा खाजाको व्यवस्थापन र अनुगमन गरी प्रमाणित हाजिरी अभिलेखको आधारमा निकासा दिने तर्फ पालिकाले ध्यान दिनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

८८ **अग्रिम कर कट्टा नगरेको**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१३ को उपक्रियाकलाप नं. ९.५ र ९.६ भएको व्यवस्था बमोजिम पालिका भित्रका ऐच्छिक विषयका रुपमा कम्प्युटर विषय अध्यापन हुने तथा विज्ञान विषय पढाई भएका र प्राविधिक धार सञ्चालन भएका माध्यमिक विद्यालयहरुमध्ये विद्यालय प्रस्तावका आधारमा नदोरिने गरी अनुदान दिन सक्नेछ। स्थानीय तहका सवै माध्यमिक विद्यालयहरुले यस प्रकारका अनुदान एकपटक प्राप्त गरी सकेको अवस्थामा मात्र उच्च विद्यार्थी सङ्ख्या र अनुमतिका आधारमा ज्येष्ठताको क्रम निर्धारण गरी आधारभुत तह कक्षा १-८ सञ्चालित विद्यालयहरुलाई पनि अनुदान उपलब्ध गराउन सक्ने व्यवस्था छ। मापदण्ड बमोजिम छनौट भएका विद्यालयहरुलाई रु ६,५०,००० अनुदान दिने र तोकिएको सर्तको अधिनमा रहि सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम खरिद गरी बिलभरपाई पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयहरुको छनौट मापदण्ड बमोजिम गरे नगरेको एकिन गर्न सकिएन। पालिकाले श्री हिमोदय आधारभुत विद्यालयलाई पुस्तकालय व्यवस्थापनका लागि रु. ६,५०,००० अनुदान दिएकोमा विद्यालयले आयकर ऐन, २०५८ बमोजिम अग्रिम कर कट्टा नगरेकोले सम्बन्धित विद्यालयवाट १.५ प्रतिशतले हुन आउने अग्रिम कर कट्टा गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ९,७५० |
|---|---|

८९ **शिक्षक विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ (संशोधनसहित) को नियम ७७ को उपनियम (१) बमोजिम विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई भेगमा १:५० रहने व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।८१ मा केहि विद्यालयहरुको शिक्षक विद्यार्थी अनुपातको अवस्था देहाय बमोजिम छ।

| सि.न | विद्यालयको नाम र ठेगाना | शिक्षक सङ्ख्या | विद्यार्थी सङ्ख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|
| १ | श्री महाकाली नमुना माध्यमिक विद्यालय, श्रीनगर | १८ | ९३० | १:५२ |
| २ | श्री प्रभात माध्यमिक विद्यालय, रोवा | १३ | ५५५ | १:४३ |
| ३ | श्री कर्णाली माध्यमिक विद्यालय, टोप्ला | ११ | ४६० | १:४२ |
| ४ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, मुर्मा | ७ | ३१९ | १:४६ |
| ५ | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय, खरिबोट | ५ | ४२३ | १:८५ |
| ६ | श्री नेपाल राष्ट्रिय आधारभुत विद्यालय, घट्टेखोला | ४ | २७६ | १:६९ |
| ७ | श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, शोभा | ३ | २०७ | १:६९ |
| ८ | श्री हिमोदय माध्यमिक विद्यालय, | ४ | ४४९ | १:११२ |
| ९ | श्री प्रकाश माध्यमिक विद्यालय, लुमा | ६ | ४१३ | १:६९ |
| १० | श्री मस्ट माध्यमिक विद्यालय, थार्पा | ३ | ३०१ | १:१०० |
| ११ | श्री कर्णाली आधारभुत विद्यालय, घटा | २ | १० | १:५ |
| १२ | श्री गुरुनाथ आधारभुत विद्यालय, फुलि | ४ | १७ | १:४ |
| १३ | श्री भवानी आधारभुत विद्यालय, माइतीघर | २ | १३ | १:७ |
| १४ | श्री नवआदर्श आधारभुत विद्यालय | २ | १२ | १:६ |
| १५ | श्री मस्कोट आधारभुत विद्यालय | २ | २३ | १:१२ |
| १६ | श्री महादेव प्रस्तावित आधारभुत विद्यालय | १ | २३ | १:२३ |

उपरोक्त विवरण अनुसार पालिकामा शिक्षक विद्यार्थी अनुपात अधिकतम १:११२ देखि न्युनतम १:४ सम्म रहेको देखिन्छ। IEMIS विवरण अनुसार पालिकाको ४५ वटा विद्यालयको औषत शिक्षक विद्यार्थी अनुपात १:४२ रहेको छ। पालिकाले विद्यार्थी विवरणको सत्यापन गरी आवश्यकता र औचित्य समेतलाई विचार गरी प्रचलित कानून बमोजिम विद्यालय समायोजन एंव शिक्षक दरबन्दी मिलान तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

### ९० प्रति विद्यार्थी लागत

पालिकाको प्राप्त विवरण अनुसार आर्थिक वर्ष २०८०।०८१ को प्रति विद्यार्थी लागत देहाय बमोजिम रहर्को छ ।

| बजेट विवरण | बजेट रकम रु | खर्च रकम रु | विद्यार्थी सङ्ख्या | प्रति विद्यार्थी लागत |
|---|---|---|---|---|
| शिक्षा क्षेत्रको कुल बजेट | १६,९३,१६,००० | १५,११,४७,२३४ | ६९१२ | २१८६७.३६ |

उपरोक्त विवरण अनुसार पालिकाको सामुदायिक विद्यालयको प्रति विद्यार्थी लागत रु २१,८६७.३६ रहको छ ।

सैद्धान्तिक बेरुजु

### ९१ शिक्षकको तलब (ग्रेड) बढि भुक्तानी

शिक्षा नियमावली, २०५९ (संसोधनसहित) को नियम १२६ उपनियम २ मा किताबखानाको काम, कर्तव्य र अधिकार अन्तर्गत स्थायी शिक्षकहरुको वार्षिक तलवि प्रतिवेदन पारित गरेर मात्र तलव भत्ता भुक्तानी दिनुपर्ने प्रावधान छ। सोहि अनुसार पालिकाले राष्ट्रिय किताबखानाबाट (शिक्षक) स्थायी शिक्षकहरुको तलवि प्रतिवेदन पारित गरेको छ। पारित तलवि प्रतिवेदनमा मिति २०७७।०२।०९ गते स्थायी नियुक्ति भएका श्री जनजागृति आधारभुत विद्यालय, कम्फा, मुगुका, प्राथमिक तह, तृतिय श्रेणीको शिक्षक श्री हरिलाल बुढाको

शैक्षिक सत्र २०८० मा २ ग्रेड पारित छ। तर निज शिक्षकले २०८० मा ३ ग्रेड र २०८१ मा ४ ग्रेडको तलबभत्ता तथा चाडपर्व खर्च बुझेको छ। बढी भुक्तानी भएको तलव निज शिक्षकबाट असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,५७७.४ |

९२ **विद्यालयगत निकासा खाता**

विद्यालय कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक विद्यालयको स्थायी, करार र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति, तलब ग्रेड र विद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अधावधिक गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलब, भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः विद्यालयलाई जाने सबै रकमहरु देखिने गरी प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

९३ **स्यानिटरी प्याड**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम (३) मा कुनै पनि सामान खरिद गर्दा खरिद आवश्यकताको पहिचान, विवरण, परिमाण र क्षेत्र ऐकिन गर्नुपर्ने, खरिद योजना तयार, खरिद लागत अनुमान तथा खरिद विधिको छनौट गरी खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले सिलवन्दी दरभाउपत्रबाट प्रति सेनीटरी प्याड रु.२६.९८ (मूल्य अभिवद्धि करसहित) का दरले विराट हेल्थ केयर इन्ड्रस्ट्रिज प्रालिबाट २०,१२२ थान खरिद गरी रु.५४२९८०।र सोझै खरिदबाट प्रति प्याड रु ८७.९९ (मूल्य अभिवृद्धि करसहित) का दरले ५,५६८ थान आरभ मेडिको फर्माबाट खरिद गरी रु.४,८९,९४५ समेत जम्मा रु १०,३२,९२५ भुक्तानी गरेको छ। स्यानिटरी प्याड वितरण तथा व्यवस्थापन कार्यविधि २०७६ को दफा (४) मा पालिकाले खरिद गरेको २५६९० स्यानिटरी प्याडहरुमध्ये २०८०० वितरण गरेको छ । बाकि रहेको ४८९० प्याडको प्रति गोटा ८७.९९ का दरले रु.४३०२७१ को प्याड वितरण गर्न बाँकी रहेकाले विद्यालयलाई वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,३०,२७१ |

९४ **स्रोत कक्षा व्यवस्थापन अनुदान**

१५६-२०८१।०३।२१ शिक्षा तथा मानव स्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गतको स्रोत कक्षा व्यवस्थापन अनुदान स्वरुप प्रतिकक्षा बार्षिक रु २,२५,००० रकम भुक्तानी दिने र सोबाट तोकिएको कार्य सञ्चालन गर्नुपर्ने व्यवस्था छ। पालिकाले श्री महाकाली नमुना माध्यमिक विद्यालयलाई रु २,३३,५०० भुक्तानी दिएको छ। नम्सभन्दा बढी भुक्तानी भएकोले विद्यालयबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८,५०० |

९५ **आधारभुत तहको परीक्षा व्यवस्थापन**

११८-२०८१।०३।२१ शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्याङ्कनका लागि प्रति विद्यार्थी वार्षिक रु.२७५ खर्च गर्ने व्यवस्था बमोजिम ७९६ जना विद्यार्थिका लागि रु. २१८९०० खर्च गर्नु पर्नेमा रु.३२५९०६ खर्च गरेकाले कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेको भन्दा रु.१०७००६ बढी खर्च लेखिनु नियम संवत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,०७,००६ |

## अनुगमन लेखापरीक्षण

९६ अनुगमन तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फस्यौंट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८१ सम्मको बाँकी बेरुजु रु.... मध्ये रु ... फस्यौंट गरी सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **छायानाथ रारा नगरपालिका, मुगु** को २०८१ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | १९३५२३००० | २१३४७७२१ | ३४७६६२१२.४ | ० | २०६९४१४९१.४ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : छायानाथ रारा नगरपालिका, मुगु , छायाँनाथ रारा नगरपालिका , मुगु

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | पशुपती शाही | २०८०-१-२० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | जगत जङ्ग रावल | २०७८-१२-४ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,२५७,८५७.४ | १५,२८२,६०६ | १३,६६५,७४९ | ० | ० | २,५६०,००० |
| | | | | **जम्मा बेरुजु रकम** | ३४,७६६,२१२.४ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | १६१,४८३ |

स्थानीय तह :


https://nams.oag.gov.np

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६६६४७६४१.५ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४६२६३५७७२ | चालु खर्च | ४९४८३०२४०.५३ |
| प्रदेश सरकारबाट अनुदान | ६०००३७९३.३ | पूँजीगत खर्च | १७०३८७०७१.८ |
| राजश्व बाँडफाँट | ९४३५३३७३.१७ | वित्तीय/अन्य व्यवस्था | १४३७४२३२.५ |
| आन्तरिक आय | १११०३३५०.९६ | | |
| अन्य आय | १४४३३८३८.८६ | | |
| कुल आय | ६४२५३०१२८.२९ | कुल खर्च | ६७९५९१५४४.८३ |
| बाँकी मौज्दात | | २९५८६२२४.९६ | |

## अनुसूची - २

## बेरूजु दफा ६६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| क्र.सं. | नाम | मंसिर महिनाको राशन | १६ दिनको राशन | करकट्टि पछिको रकम |
|---|---|---|---|---|
| १ | शिवरान भाम | ४७९५ | २५५७ | २५३१ |
| २ | रामकृष्ण रावल | ९५९१ | ५११५ | ५०६४ |
| ३ | राजकुमार रावल | ९५९१ | ५११५ | ५०६४ |
| ४ | प्रेमराज विक | ९५९१ | ५११५ | ५०६४ |
| ५ | विरेन्द्र सावत | ९५९१ | ५११५ | ५०६४ |
| ६ | दशरथ बुढा | ९५९१ | ५११५ | ५०६४ |
| ७ | दिप बहादुर विक | ९५९१ | ५११५ | ५०६४ |
| ८ | अमरावती शाही | ९५९१ | ५११५ | ५०६४ |
| ९ | दिर्ग खड्का | ९५९१ | ५११५ | ५०६४ |
| १० | सुरथ बहादुर सेजुवाल | ९५९१ | ५११५ | ५०६४ |
| ११ | युवराज ऐडी | ९५९१ | ५११५ | ५०६४ |
| १२ | हस्त बहादुर शाही | ९५९१ | ५११५ | ५०६४ |
| १३ | कर्णजित विक | ९५९१ | ५११५ | ५०६४ |
| १४ | नरेश रावल | ९५९१ | ५११५ | ५०६४ |
| १५ | मानसिंह कुमाई | ९५९१ | ५११५ | ५०६४ |
| १६ | पूर्ण बहादुर रोकाया | ९५९१ | ५११५ | ५०६४ |
| १७ | मन बहादुर रोकाया | ९५९१ | ५११५ | ५०६४ |
| १८ | हंश बहादुर भग्री | ९५९१ | ५११५ | ५०६४ |
| **जम्मा** | | **१६७८४२** | **८९५१२** | **८८६१९** |